

Nepal Council of Arbitration (NEPCA) 11th Executive Committee (2020-2023 A.D.)

First Row:-(Left to Right) 1. Ms.Gosai K.C. (Treasurer) 2. Bipulendra Chakravartty (Vice- Chairman) 3. Dhurva Raj Bhattarai (Chairman) 4. Birendra Bahadur Deoja (Immediate Past President) 5. Baburam Dahal (General Secretary) ,
Second Row:-(Left to Right) 1. Matrika Prasad Niraula (EC Member) 2. Prof. Khem Dallakoti (EC Member) 3. Dr. Rajendra Prasad Adhikari(EC Member) 4. Gyanendra Prasad Kayastha (EC Member)
5. Er. Bhoj Raj Regmi (Secretary) 6. Shailendra Kumar Dahal (EC Member)

YEARLY BULLETIN 2020/21

NEPAL COUNCIL OF ARBITRATION (NEPCA)

नेपाल मध्यस्थता परिषद् (नेप्का)

Publisher:
NEPAL COUNCIL OF ARBITRATION (NEPCA)
4th Floor, Nepal Bar Council Building
Kupondol, Lalitpur, Nepal
Tel. No. 977-01-5530894, 5532101
Email: nepca@outlook.com, nepca@ntc.net.np
Web: www.nepca.org.np

Vol.: 27, July, 2020

CONTENT PAGE

Upper Tamakoshi Hydropower Limited
अपर तामाकोशी हाईड्रोपावर लिमिटेड

"दोलखा जिल्लाको लामावगरमा निर्माणाधीन तामाकोशी जलविद्युत आयोजना बाँधस्थल"

प्रकाशकीय

अधिकार र कर्तव्य एकै सिक्काको दुई पाटा हुन्, एक विना अर्काको अस्तित्व रहँदैन । करार त्यहि अधिकार र कर्तव्य सृजना गर्ने दस्तावेज र मध्यस्थ सेवाको आधारस्तम्भ हो । करारका पक्षहरुका बीचको विवादमा मध्यस्थताको सेवा उपलब्ध गराउने उद्देश्यले वि.स. २०४८ मा हाम्रा अग्रजहरुका प्रयासले स्थापना भएको यस नेपाल मध्यस्तता परिषद् (Nepal Council of Arbitration) ले आफ्नो स्थापनाको २९ वर्ष पूरा गरेको छ । यसरी पूर्ण वयस्क बनेको यस संस्थाले मध्यस्थताको प्रक्रियालाई संस्थागत एवम् सुदृढीकरकण गर्नका लागि आवश्यक हुने बिभिन्न कार्यहरु गर्दै आएको छ । उदाहरणको लागि, मध्यस्थता र एडजुडिकेसन सम्बन्धी नियमावली प्रकाशन, मध्यस्थताको लागि सुनुवाई कक्ष सहितको सचिवालय सेवा र तालिम तथा सभा सेमिनार आदि । यसै क्रममा नेप्काद्वारा नियमित रुपमा प्रकाशन गरिने बुलेटिनको यो अङ्क यहाँहरु समक्ष सार्वजनिक गरेका छौं ।

कोभिड (१९ का कारण २०७६ चैतदेखिको समय प्रभावकारी रुपमा काम गर्नका लागि अनुकुल रहेनन् । कोभिड (१९ ले सम्पूर्ण मानव जीवनमा ठूलो चुनौति खडा गरेको छ भने यसैको कारण विश्वभर नयाँ प्रयासहरु पनि शुरु भएका छन। आशा गरौं हरेक चुनौतिले नयाँ संभावनाका ढोकाहरु खोल्ने छन् । यसै पृष्ठभूमिमा नेप्का पनि अनलाइन सुनुवाई सहितको डिजिटल प्रविधिमा आधारित मध्यस्थ सेवा प्रदान गर्ने तयारीमा लागेको व्यहोरा सहर्ष जानकारी गराउछौं र यस कार्यमा यहाँहरु सबैको सहयोगको पनि अपेक्षा गर्दछौं ।

यस वुलेटिन प्रकाशनका लागि आवश्यक लेख रचना उपलब्ध गराई सहयोग गरिदिनु भएकोमा सबै विज्ञलेखकहरुलाइ हार्दिक धन्यवाद ज्ञापन गर्दछौ । वुलेटिनको सम्पादन कार्यमा सहयोग पुऱ्याउनु हुने श्री रुद्रप्रसाद सिटौला र नेप्का सचिवालयका कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्दछौं ।

प्रकाशन समिति

11th Executive Committee

Mr. Dhurva Raj Bhattarai
Chairman

Mr. Birendra Bahadur Deoja
Immediate Past President

Mr. Bipulendra Chakravartty
Vice-Chairman

Mr. Baburam Dahal
General Secretary

Mr. Bhoj Raj Regmi
Secretary

Ms. Gosai K.C.
Treasurer

Prof. Khem Dallakoti
Member

Mr. Matrika Prasad Niraula
Member

Dr. Rajendra Prasad Adhikari
Member

Mr. Shailendra Kumar Dahal
Member

Mr. Gyanendra Prasad Kayastha
Member

विवाद समधानमा वर्णशङ्कर (Hybrid) पद्धतिको आवश्यकता

मातृका प्रसाद निरौला
वरिष्ठ अधिवक्ता

"Traditional Trial System is too costly, too painful, too destructive and too inefficient for a truly civilized people" -US Chief Justice Berger

विवाद समाधानका परम्परागत पद्धति निरर्थक साबित भएको वास्तविकतालाई अमेरिकाका पूर्व प्रधान न्यायाधीश बर्गरले ८० को दशकमा नै महशुस गरी माथिका भनाइ व्यक्त गरेका हुन् । विवाद समाधानका औपचारिक संस्थाहरु (अदालत, आर्बिट्रेसन ट्राईब्युनल आदि) समक्ष दायर गरिएका विवादहरुको फैसला भई कार्यान्वयन हुँदासम्म लाग्न जाने समय, खर्च आदि जस्ता कुराहरुको आंकलन गर्दा उनको अभिव्यक्ति सत्य नै देखिन्छ ।

विवाद बिनाको समाज र समाज बिनाको विवाद कल्पना गर्न कठीन छ । विवादको पक्षले स्वभाविक रुपमा आर्थिक क्षति, आपसी सम्बन्धमा वैमनस्यता, सामाजिक अपयस, मानसिक तनाव, पारिवारिक वा संगठनात्मक कोलाहल एवं शारीरिक र मानसिक तनाव जस्ता कुराहरु व्यहोर्नु पर्ने भएता पनि विवाद अवश्यम्भावी छ । यिनै कारणहरुले गर्दा विवाद समाधानका निर्णयहरुले यथार्थ क्षतिको परिपूरण हुन सक्दैन । यस अर्थमा पनि विवाद समाधानका परम्पागत उपचार पद्धति पूर्ण रुपमा उपयुक्त छन् भन्न सकिने अवस्था छैन ।

अदालतको फैसला वा मध्यस्थद्वारा गरिने निर्णय (अवार्ड) मा विवादका दुवै पक्षले सन्तुष्टि महसुस गरिहालेता पनि विवादले उत्पन्न गराएको मानसिक पीडा, सामाजिक अपयस, अर्को पक्षसँग टुटेको सम्बन्ध र दुई पक्ष वीचको सहकार्यबाट भविष्यमा प्राप्त हुन सक्ने सम्भावित व्यवसायिक उपलब्धी दुवै पक्षले गुमाउनु पर्ने हुन्छ । यतिमात्र नभएर उनीहरु सम्बद्ध घर परिवार आफन्त र व्यवसायिक क्षेत्रमा पनि विवाद र वैमनस्यताको पीडा फैलन्छ । विवादको निर्णय गरिदिने निकाय अदालत वा मध्यस्थलाई भने विवाद बढ्नु र घट्नुले कुनै अर्थ राख्दैन किन भने यस्ता निकायहरु विवाद समाधानमा अभ्यस्त र व्यवसायी हुन्छन । अझ भनौं भने नयाँ विवादको लागि प्रतिक्षारत हुन पनि सक्नेछन ।

अदालती प्रक्रिया तथा सर्वोच्च अदालतमा दायर भएका मुद्दाका चापको बारेमा कम जानकार दुरदराजबाट सर्वोच्च अदालतसम्म आई मुद्दा दर्ता गर्न पुगेको पक्षले उसको कानुन व्यवसायीलाई "वकिल साहेब, मेरो मुद्दामा सर्वोच्च अदालतका मान्छेहरु के भन्छन् ?" भनेर सोध्ने गरेको यदाकदा सुन्नमा आउँछ । यसो भनिरहँदा निजले बिपक्षीद्वारा आफू बिरुद्ध गरिएको अन्याय हेरेर साहानुभुति व्यक्त होला कि भन्ने अपेक्षा गरी रहेको अनुभूति गर्न सकिन्छ । कहिले काहीँ कुनै पक्ष त "यस्तो दुष्ट झगडिया कसैलाई नदेऊ प्रभु !" भन्दै रोएको पनि देखिन्छ । यी सबै अभिव्यक्तिहरु मुद्दाबाट सिर्जना भएका मानविय पीडाका प्रतिनिधि

अभिव्यक्तिहरु हुन् र यस्ता पीडाहरु अनगिन्ति छन् । तर निर्णय गर्ने निकायले भने विवादका पक्षको दुखेको, चिथरिएको, पिल्सिएको, जरजर र छियाछिया भएको मन देख्दैन । वाहिरी शरीरको घाउ औषधीले निको हुन्छ तर नदेखिने मनको घाउ निको हुँदैन । त्यही अन्तरमनको पीडाले गर्दा वर्षौं वर्ष मुद्दा गरेर जिति पाएपछि वैरागिएर सन्यास धारण गरेको र हारे पछि बहुलाएको धेरै घटना छन् । असल र सवल मनले सन्यास धारण गर्नु उसको लागि राम्रो होला तर बहुलाउनु ठूलो पीडा हो । समाजमै सवलतापर्वूक बसेर पूर्ववत व्यापार व्यवसाय उद्यम गरेको भए समाज र राष्ट्रको लागि योगदान नै पुग्ने हुन्छ । तर कुनै होनहार उच्च व्यवसायिक व्यक्तित्वले सन्यास लिए सोझै चौतर्फी प्रतिकूल असर पर्दछ । पागल भए झन घर परिवार, समाज र राष्ट्रलाई नै क्षति पुग्न जान्छ । के मुद्दा मामिलाबाट उत्पन्न हुन जाने यस्तो विकराल अवस्थालाई पन्छाउन सकिदैन? यो लेखको उद्देश्य विवादका कारण माथि चित्रण गरिए जस्ता विकराल अवस्था आउन नदिन विवाद समाधानका नव विकशित पद्धतिहरुको बारेमा चर्चा गर्नु रहेको छ ।

करिव एक दशक अगाडी **नेपाल कानून समाज**ले विवादका पक्षहरु विवाद समाधानको लागि कहाँ जान्छन् भन्ने सम्बन्धमा अध्ययन गराएको थियो[1] । सो अध्ययनको निष्कर्ष यस प्रकारको रहेको छ :

अदालत जाने विवाद जम्मा	१५%
आफ्नै समुदायमा जाने जम्मा	१०%
स्थानीय निकायमा जाने जम्मा	६%
प्रहरीमा जाने जम्मा	७%
प्र.जि.अ. समक्ष जाने जम्मा	२%
कुनै निकायमा नजाने जम्मा	६०%

सर्भेको आकडामा हेर्दौं, ६० प्रतिशत विवाद कहिँ जाँदैनन् किन ? ती कुन क्षेत्रका विवाद हुन् ? र विवादका पक्षहरुलाई विवाद समाधानका लागि सम्बन्धित निकायमा जान के कुराले हतोत्साह पार्‍यो ? यसरी हतोत्साहित हुने मध्येको मूल क्षेत्र उद्योग वाणिज्य क्षेत्र भएको सहजै अनुमान गर्न सकिन्छ । साथै केही सम्वेदनशील पारिवारिक विवाद पनि कुनै निकायमा प्रवेश गर्न नचाहने गरेको पाईन्छ । विवाद समाधानका लागि कहिँ नजानु र आफैभित्र गुम्सिएर बस्नुको कारण सायद यस्ता हुन सक्छन् ।

१. गोपनियता भङ्ग हुने भय,

२. समय ज्यादा लाग्ने भय,

३. सम्बन्ध थप विग्रन सक्छ भन्ने भय,

४. निर्णयबाट कुनै समाधान नदेख्नु,

५. खर्च बढी लाग्ने भय,

६. व्यापार व्यसाय थप बिग्रने भय,

७. विविध कारण र परिस्थिती,

विश्वका धनाढ्य अम्बानी दाजुभाई बिचको विवादमा भारतका प्रधान न्यायाधीश श्री के जी बालकृष्णन सहतिको इजलासले अदालत बाहिर वैकल्पिक उपचार पद्धतिबाट समाधान गर्न आदेश दिएको थियो । सोही बमोजिम उच्च अदालतले उनीहरुकी आमालाई अदालतमै बोलाएर विवाद मिलाइ दिन अनुरोध गर्‍यो । सोही आदेश बमोजिम २००९ मा आमा कोकिलावेन अम्बानीको प्रयासमा अम्बानी दाजुभाईको विवाद समाधान गर्न सफल भएको देखिन्छ । तर सो विवाद विवाद समाधानका औपचारिक निकायहरु (अदालत वा मध्यस्थ) बाट समाधान गर्ने बाटो अवलम्बन गरिएको भए आजसम्म मुद्दा चलिनै रहको हुन सक्ने थियो र सो मुद्दाबाट सवैभन्दा ठूलो फाईदा पाउने वर्ग कोही हुन्थ्यो भने कानुन व्यवसायी नै हुने थिए । दुवै पक्षका कानुन व्यवसायीलाई कम्तिमा ३ दशकसम्म आकर्षक आम्दानीको स्रोत बन्न सक्ने थियो र अन्त्यमा कागजी फैसलालाई न्याय पाएको मान्नु पर्ने अवस्था हुने थियो । त्यसमा पनि आपसी

1. स्रोतः जन अभिमत सर्वेक्षण, नेपाल कानुन समाज, २०५९

गोपनियता भङ्ग हुने, सम्बन्धको सौहार्दता समाप्त हुने र अन्त्यमा कार्यान्वयनमा अनेकौँ जटिलता अर्थात के कति समस्या आउने हुन् भन्ने कुरा अनुमान गर्न पनि सम्भव देखिँदैन । सायद यिनै कुराहरुलाई मनन् गरेर सर्वोच्च अदालतले आदेश दिएको थियो र दुवै पक्षको पूर्ण सहमतिमा विवाद समाधान भयो ।

अदालत र मध्यस्थको निर्णय प्रकृया करिव करिव समान छन् । अदालत राज्यको न्यायिक निकाय हो भने मध्यस्थ विवादका पक्षहरुले रोजेको संयन्त्र हो यी दुवैमा रहेको मुख्य भिन्नता यति नै हो । माथि उल्लेख गरिएका तथा यस्तै अनेकौँ समस्याका कारण विवादमा निर्णय गर्नु गराउनु मात्र अन्तिम विकल्प होईन ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विवादमा मध्यस्थ गर्ने उदेश्यले सन् १९०३ मा स्थापित Lodon Court of International Arbitration (LCIA), सन् १९१५ मा स्थापित Charted Institute of Arbitrations (CIArb), सन् १९१९ मा स्थापित International Chamber of Commerce (ICC) सन् १९२६ मा स्थापित American Arbitration Association (AAA), लगायत सवै अन्तर्राष्ट्रिय ख्याती प्राप्त संस्था र भर्खरै सन् २०१५ मा स्थापना भएको Sigapapore International Commerial Court (SICC) तथा हालै स्थापित Asia Pacific Centre for Arbitration & Mediation (APCAM) लगायत नयाँ पुराना सवै संस्थाबाट गरिएका प्रयास हेर्दा दुई पक्ष बिचको विवादमा तेश्रो पक्षबाट गरिएको निर्णयले पूर्ण समाधान दिदैन भन्ने महसुस गरी कुनै निर्णय गर्नु भन्दा पहिले मेलमिलापको सम्भावना खोज्न आवश्यकता बोध गरेको पाईन्छ । त्यसो गर्नका लागि मध्यस्थ मात्र गर्न खडा भएका संस्थाहरुले आफ्ना घोषित नीति र कार्यक्रममा परिवर्तन गरी मेलमिलापलाइ प्रबर्धन गर्दै पक्षलाई निर्णय मात्र होइन सौहार्द्र सम्बन्ध सहितको न्याय प्राप्त मिलोस भनी मेलमिलाप सहित अन्य पद्धतिको बाटो अवलम्वन गर्ने गरेको देखिन्छ । नेपालमा पनि त्यसै गर्नु पर्ने आबश्यकता सबैले बोध गर्न जरुरी भएकोछ ।

सन् १९८० को दशकबाट व्यवसायिक रुपमा शुरु भएको मेलमिलाप खास गरी उद्योग वाणिज्य सम्बन्धी विवाद र संवदेनशील पारिवारिक विवादमा वरदान सावित हुँदै आएको पाउन सकिन्छ । अगाडी देखी नै विश्वभर सफल अभ्यास भई आएको तर अन्तर र्ाष्ट्रिय स्तरमा अभिसन्धि हुन बाँकी रहेको परिस्थितीमा दुई वर्ष अगाडि सन् २०१८ मा संयुक्त राष्ट्रसंघले ७३/१९८ प्रस्ताव पारित गरी UN Coonvention on International Settlement Agreement Resulting from Mediation, 2018 पारित गरेको छ र हाल यसको विश्वका धेरै देशहरुमा सफल कार्यान्वयन भई रहेको छ । संयुक्त राष्ट्र संघको यो अभिसन्धी र यसको कार्यान्वयन खासगरी उद्योग वाणिज्य व्यापार व्यवासायका क्षेत्रमा वरदान सावित हुँदै गएको छ । त्यस्ता बिवादमा मेलमिलापबाट हुनसक्ने फाईदाहरु निम्न बमोजिम छन्:

- गोपनीयता कायम रहनु,
- विवादको छिटो समाधान हुनु,
- कम खर्चिलो हुनु,
- आपसी सम्बन्धको पुनर्स्थापना हुनु,
- विवादको प्रभावकारी र दिगो समाधान हुनु,
- पक्षले रोजेका बिशेषज्ञको सहजिकरणमा विवादको समाधान हुनु,
- विवाद समाधान मात्र नभई आपसी सम्बन्धको बलमा पक्षहरुलाई थप उपलब्धी मिल्न सक्नु,
- दुबै पक्षले विजयी भएको महशुस गर्नु,
- करार भएको वा नभएको दुवै अवस्थामा यो उपाय अवलम्बन गर्न मिल्नु, र
- मेलमिलापकर्ता सहजकर्ता मात्र हुन्छन पक्ष आफैँ समाधानकर्ता बन्न सक्नु ।

विवाद समाधानमा वर्णसङ्कर प्रकृया के हो ?

मध्यस्थ के हो? यस क्षेत्रमा संलग्न सवै व्यक्तिहरुले

धेरथोर बुझेकै कुरा भएकोले यस लेखमा सो बारेमा धेरै चर्चा गरिएको छैन । संक्षेपमा मध्यस्थ प्रकृयालाई निजिक्षेत्रको अदालत मानिन्छ । यसले दिने निर्णयलाई बधबचम भनिन्छ। अर्का तर्फ तेश्रो पक्षको सहजिकरणमा विवादका पक्षहरु बसी आपसमा सहमति गरी विवाद सुल्झाउने पद्धती मेलमिलाप हो । यो तालिम प्राप्त मेलमिलापकर्ताद्वारा ज्ञान र सिपको प्रयोग गरी पक्षहरु बिचको विवाद पक्षहरुद्वारा समाधान गराउने वैकल्पिक पद्धति हो ।

अब वर्णसङ्कर उपाय भनेको के हो? हेरौँ । विवाद समाधानका विभिन्न वैकल्पिक पद्धतिहरु मध्येमा एक पद्धतिको अवलम्वन भई रहेकोमा आवश्यकता अनुसार अर्को पद्धतिको पनि अवलम्वन गरी दुवै पद्धतिहरुको एकसाथ अवलम्वनबाट प्रभावकारी रुपमा विवाद समाधान गर्न विकसित वैकल्पिक पद्धति नै वर्णसङ्कर पद्धति हो । खासगरी मध्यस्थ र मेलमिलाप प्रकृयाको मिश्रित रुप नै प्रभावकारी वर्णसङ्कर (effective hybrid) हो । यसको मिश्रित हुने अंशका आधारमा कहिले Arb-Med त कहिले Med-Arb हुन सक्ने हुन्छ । यसको परिभाषा गर्ने क्रममा Weixia Gu ले "Arb-med is a form of hybrid dispute resolution ... A typical arb-med proceding arise when the parties have entered in to arbitration and within that arbitration procedure decide to mediate. If and when meditaation fails, arbitration resumes..."[2] भनेका छन् ।

त्यसै गरी अर्का विद्वानले "Med-Arb is a hybrid of mediations and arbitration and can be used where mediated negotiations do not lead to a settlement. In those circumnsantaces the partis can agree for the mediator to become an arbitrator and issue final and binding award on the outstanding matters." भनेका छन् ।

2. weixia Gu, Hybrid Dispute lesolution beyoad the blt RoadM towards a new design of chinese Ard-Med-Arb_ and its global implications, Washingtorn International Law Journal, Vol-29 Number-1 -12-23-2019_ P=118

अर्को एक परिभाषा पनि हेरौँ: "The process of mixing arbitration and mediation, called arb-med, where by the praties initiate an arbitration, but later during the course of arbitration, the dispute is reffered to mediation for settlement negotiations - one variation of the med-arb process can be deseribed as a shealed envelope arb-med, when arbitration process is finatized, the arbitrator deposits a decision in a envelop. The parties are then offered a possibility to reach a mediated settlement having benifited from the discovery and adjudicative process of arbitration bee still under the uncertainty about the outcome of the arbitrator's decision and the arb-med-arb is a process where a disput is first referred to arbitration before mediation is attempted and then arbitration" .

माथिका ३ वटा परिभाषाले वर्णसङ्कर पद्धतिको परिचयलाई बुझाउन सहज बनाएको छ । विवादले निम्त्याउने भौतिक र मानसिक पिडा कुनै निर्णयले हल गर्न नसक्ने कुरा माथि नै उल्लेख गरी सकिएको छ । त्यसैले निर्णय दिने पद्धतिका साथ विवाद उत्पन्न हुनुमा प्रत्येक पक्षको योगदान र समाधानको आवश्यकता बोध वा आत्मानुभूति (Realiazation) हुने यो पद्धतिले मात्र पक्षलाई मानसिक पीडाबाट मुक्त हुन मद्दत गर्दछ । त्यसैले आजभोली विवाद समाधानको लागि विश्वका विभिन्न देशमा वर्णसङ्कर पद्धतिलाई प्रोत्साहन गर्दै लान थालिएको छ ।

वैकल्पिक उपचार पद्धति पक्षको मन्जुरीमा अवलम्वन गरिन्छ । कहिले त्यस्तो मन्जुरी पहिले नै करार मार्फत व्यक्त हुन्छ भने कहिले विवाद उत्पन्न भएपछि पक्षले स्वीकार गर्दछन् । पक्षहरु बिचमा पहिले नै भएको करार मार्फत आउने विवादको प्रवेश विन्दु मध्यस्थ वा मेलमिलाप दुवै हुन सक्दछ । तर मध्यस्थ समक्ष प्रवेश गरेको विवादमा माथि उल्लेख गरिए झैँ मध्यस्थले नै प्रेशित गरी मेलमिलापको प्रयास गर्नु सर्वथा उपयुक्त हुन्छ र पक्षको मानसिक पीडाको समाधान गर्न सक्ने उपाय मेलमिलाप मात्र हो । मध्यस्थले मेलमिलापको

लागि पठाईएको विवादमा मेलमिलापका आवश्यक सिप, समाधानका सुत्र र साधन अवलम्वन गर्दा त्यसै क्षण विवादको फायल बन्द होला नहोला अलग हो तर सो अवधिमा योग्य, तालिम प्राप्त र सिपयुक्त मेलमिलापकर्ताद्वारा सम्पन्न वार्ताको चरणमा पक्षहरु बिचको मानसिक पीडा चाहि अवश्य हलुका हुनेछ । पटक पटक प्रयास गर्दा विवादको फायल बन्द भएन भने पनि सो फायल पुनः मध्यस्थ समक्ष फिर्ता जान्छ र आवश्यक निर्णय हुन्छ जसलाई पक्षले सहज परि स्थितिमा स्वीकार गर्दछन् । यो प्रकृया ब्चद(ःभम(ब्चद अर्थात मध्यस्थ-मेलमिलाप-पुन मध्यस्थ हो । यसमा दुबै पद्धतीका राम्रा पक्ष मिश्रित रुपमा अवलम्वन गरिने हुँदा वर्णशङ्कर भनिएको हो ।

वर्णसङ्कर मध्येको अर्को तरिका हो खामबन्दी (Envelope Award) अवार्ड । मध्यस्थ समक्ष प्रवेश गरेको विवादमा मध्यस्थ स्वयंले सुनुवाई सम्पन्न भएका दिन दुबै पक्षलाई हामी यस मुद्दामा अवार्ड यति औं दिन (३०, ६० वा ९० मध्ये कुनै) दिन्छौं तर तपाईहरुलाई मेलमिलापको प्रकृया अवलम्वन गर्न हाम्रो सुझाव छ । तपाईहरुको उत्तम समाधान हामीले मेलमिलाप नै देख्यौं तर यत्तिका समय सुनुवाई भयो, श्रोत साधन र समयको लगानी भयो । त्यसैले हामीले सो दिन दिने ब्धबचम हाम्रो सचिवालयको जिम्मामा खामबन्दी रुपमा रहनेछ । यदि मेलमिलाप प्रकृयाबाट समाधान भएमा सोही बमोजिम हुनेछ र खामबन्दी निर्णय खोलिदैन तर यदि मेलमिलापबाट विवाद समाधान नभएमा त्यस बन्दी खाम भित्र रहेको निर्णय नै Arbitration Tribunal को निर्णय हुनेछ । तपाईहरुको सहमतीमा हाम्रो सचिवालयले बन्द खाम खोलेर तपाईहरुको अवार्ड दिनेछ के त्यसो गर्न मन्जुर हुनुहुन्छ? भनी पक्षलाई सवै कुरा सम्झाई वुझाई सोधनी गर्दा सहमत भएमा मध्यस्थ प्रणालीबाट मेलमिलापमा परिणत गराई पुनः खामबन्दी अवार्ड सम्म पुगिन्छ । यसरी सवै प्रकृयाद्वारा खामबन्दी अवार्डसम्म आई पुग्ने यो पद्धती Arb-Med-Arb हो । हालका दिनमा यसलाई प्रभावकारी प्रणालीको रुपमा लिन थालिएको छ ।

सुनुवाई सकिएका दिन सामान्यतया पक्षहरुले मेरो दाबी वा प्रतिदाबी जिकिरमा कति दम छ भन्ने बारे केही बुझि सकेका हुन्छन् । त्यस माथि उनीहरुका कानुन व्यवसायीले यथार्थ कुरा बुझाइ सहयोग गरी दिने हो भने पक्षहरु मेलमिलापबाटै विवाद समाधान गर्न तत्पर हुन सक्छन् । जवरजस्त र ठूला व्यापारिक विवादमा संलग्न हुने मेलमिलापकर्ता विशिष्ट सिप र क्षमतायुक्त हुन जरुरी छ । मेलमिलापमा समस्या पक्षको र समाधान पनि पक्षको हुन्छ तर साथ सहयोग र उत्प्रेरणा भने मेलमिलापकर्ताको हुन्छ । यस प्रकृयामा पक्षलाई अनुपम स्वरुपमा परिवर्तन (Remodeling) गरी प्रस्तुत गरिन्छ । यस्ता विशिष्ठ वाणिज्य विवादमा मेलमिलापकर्ताले पक्षलाई केही लिखित गृहकार्य गराउन सक्ने सम्भावना पनि रहन्छ ।

यसरी मध्यस्थमा प्रवेश गरेको विवादमा मेलमिलाप हुँदा Arb–Med हुने भयो तर शुरुमै मेलमिलापमा प्रवेश गरेको विवाद पूर्ण समाधानका लागि निर्णय गर्नै पर्ने अवस्था आउन सक्छ । त्यस्तो अवस्थामा मेलमिलापकर्ताले कुनै निर्णय नगर्ने हुँदा त्यही विवाद मध्यस्थ समक्ष प्रेषित गरिन्छ र मध्यस्थको निर्णयद्वारा विवादको समाधान गरिन्छ । यसरी मेलमिलापबाट मध्यस्थ समक्ष पुगी पुनः मध्यस्थका निर्णयद्वारा टुङ्गो लाग्ने प्रकृयालाई Med-Arb भनिन्छ । तर कहिले काहिँ मध्यस्थको निर्णयबाट पनि टुङ्गो नलाग्ने वा आंशिक मात्र टुङ्गो लाग्ने वा टुङ्गो लागे पनि पुःन बल्झिने अवस्था भएमा वा कार्यान्वयनमा समस्या आएमा पुनः मध्यस्थ मार्फत वा सोझै पक्षहरु सो विवाद लिएर मेलमिलापकर्ता समक्ष आउन सक्नेछन । त्यस्तो अवस्थामा विवाद समाधानको सो मिश्रित प्रणालीलाई Med-Arb-Med भनिन्छ । यस प्रकृयाबाट समाधान हुने विवाद नै पूर्ण परिपक्वताका साथ समाधान भएको मानिन्छ ।

कहिले काहिँ मेलमिलाप र नेगोसिएशन (उपयुक्त नेपाली शब्द नभएकोले) एकैखाले हो कि भन्ने देखिन सक्छ। खास गरी तेश्रो पक्षको मार्गदर्शन वा सहयोगमा हुने नेगोसिएशन (Guided / Assisted-Negotiation) भएको अवस्थामा उस्तै देखिन सक्छ । यस्तो अवस्थामा विश्वमा सर्वाधिक बिक्री भएको, हार्वड विश्वविद्यालयका प्रोफेसरहरु रोजर फिसर, विलियम युरी र ब्रुस प्याटनद्वारा विवाद समाधानका प्रक्रियाहरुका सम्बन्धमा लेखिएको न्भततष्लन तय थ्भक पुस्तक (नेपाली संस्करण "समाधान") मा लेखकहरुले उल्लेख गर्नु भएका ५ सुत्रहरु : '(१) व्यक्तिलाई समस्याबाट अलग गर (२) अडानमा होइन हितमा ध्यान देऊ (३) पारस्पारिक लाभको लागि विकल्पको खोजी गर (४) वस्तुगत मापदण्डको उपभोग गर (५) वाल्कोनीको प्रयोग गर' जस्ता सुत्रहरुको सहायता लिन सकिन्छ । उल्लिखित ५ सुत्रहरु लेखकहरुद्वारा विभिन्न विवादहरुमा परीक्षण गरी खारिएका सुत्र हुन् । उल्लिखित तरिकाहरु मेलमिलापको उपाय र नेगोसिएशनमा समेत अवलम्वन भएका छन् । सन् १९८० को दशक देखी मेलमिलाप र नेगोसिएशन क्षमता विकासमा धेरै प्रयासहरु भएका छन्। त्यस कारण पनि यी प्रणालीहरु प्रभावकारी छन्।

मेलमिलाप वा मध्यस्थ प्रणाली प्रायजसो एकल र तदर्थ (ad hoc) रुपमा हुने गरेका र कुनै न कुनै रुपमा सफल भई रहेकै छन्। माथि उल्लेख गरिएका Med-Arb-Med cyjf Arb-Med-Arb वा खामबन्दी अवार्ड (Envelope Award) को पद्धतिहरु व्यापक र सफल अवलम्बनको लागि एकल र तदर्थ (ad hoc) नभई संस्थागत (Institutional Setup) को आवश्यकता हुन्छ । एकल तथा तदर्थ ९बम जयअ० अभ्यासमा केही समस्या आउन सक्ने सम्भावना रहन्छ । त्यसका लागि खास गरी तेश्रो विश्वमा कुनै एक विवाद समाधानका क्रममा एउटै व्यक्ति एक चरणमा मध्यस्थ र अर्को चरणमा मेलमिलापकर्ता हुन सजिलो हुँदैन । मध्यस्थ भएकाले मेलमिलापकर्ता नहुने र मेलमिलापकर्ता भएकाले मध्यस्थ नहुने व्यवस्था अवलम्बन गर्नु नेपाल सुहाउँदो मान्नु पर्दछ । तर अन्यत्र एकै व्यक्ति दुवै भूमिकामा रहेका सफल उदाहरण छन् ।

हामीमा २१ औँ शताब्दी अनुकूल क्षमता र उत्साह नपुगेको हुन सक्छ तर पनि हामी विकल्प रहित मार्गमा छौँ । हाम्रो समाजको आवश्यकता अथाह छन् । खास गरी वाणिज्य सम्बन्धी विवाद समाधानमा हामीले धेरै काम गर्न सक्छौँ । उद्योग वाणिज्य क्षेत्रका विवादका तीन धरातल भेटिन्छन्: कम्पनी, करार र सूचना प्रविधि (information technology) का भौतिक तथा अभौतिक स्वरुप । सूचना प्रविधिको अवलम्बनले विश्व ज्यादै सानो गाउँमा परिणत भएको छ । जसरी चीनको एउटा सानो शहर वुहानबाट फैलिएको कोभिड-१९ ले हप्ताभरमा विश्वलाई ढाक्यो त्यसरी नै ज्ञान, सिप र अभ्यासले सानो समयमा विश्व ढाक्न पुग्छ । विवाद समाधानका यी नविनतम् पद्धति अवलम्बन गर्न हामी अवश्य नै पछि परेका छौँ तर पछाडि नै फर्केर भाग्न सक्दैनौँ । सभ्य समाज जता अगाडि बढ्छ त्यतै तिर बढ्नै पर्छ। हामी जस्तैलाई मार्गदर्शन गर्न १९५८ मा ल्भध थ्यचप ऋयलखभलतष्यल लागू भएको थियो । हामीले मध्यस्थताबाट धेरै लाभ लिन सकेनौँ । सन् २०१८ मा मेलमिलाप सम्बन्धी Singapore Convention आएको छ तर आजसम्म पनि हामीले त्यसबाट लाभ लिन सकिरहेका छैनौँ। जसको एउटा कारण मध्यस्थ र मेलमिलापको वर्णसङ्कर प्रयोग नभएर हो । Singapore Convention ले खास गरी उद्योग वाणिज्य व्यापार व्यवसाय क्षेत्रका विवाद समाधानबाट ठूलो फाइदा लिन सक्ने मार्ग प्रशस्त गरेको छ। त्यसैले त्यस तर्फ वेलैमा सवैको ध्यान जान जरुरी छ।

अन्त्यमा भारतीय सर्वोच्च अदालतबाट एक फैसलामा उद्धृत गरिएको तलको भनाइलाई हेरौँ जसले विवाद समाधानमा मध्यस्थलाई दिईएको अत्यधिक महत्वलाई व्यंग्य गरेको छ:

"... the way in which the proceedings under the (Arbitration) Act are conducted and without an exception challenged in courts has made lawyers laugh and legal philosophers weep..."

बास्तवमा विवाद समाधानमा प्रयोग हुने मध्यस्तको पद्धति दुनियाभर एकै शैली र रफ्तारमा चल्ने विश्वव्यापी विधा हो। तर भारतीय सर्वोच्च अदालतको सो कटाक्षपूर्ण अभिव्यक्ति हाम्रो हकमा पनि मिल्ने देखिन्छ । आवश्यकता र अवसर पहिचान गर्न नसक्दा विवाद समाधानका नविनतम् विधा आत्मसाथ गर्न हामी पछि परेका छौँ । जसको कारणले विवाद समाधानको हाम्रो अभ्यास समेत एकाङ्गी बन्न गएको हो कि जस्तो देखिन्छ। बाँकी विश्व कता बढ्दैछ भन्ने ख्याल नगरी हामीले एकाङ्गी अभ्यास गर्दै जाने हो भने नेपालमा मध्यस्थको मूल मर्म र अभ्यास नै सङ्कटग्रस्त बन्न सक्छ । त्यसो हुन गए उल्लेखित भारतीय सर्वोच्च अदालतको फैसलामा भनिए झैँ मध्यस्थका प्रतिपादकहरु रुनु पर्ने अवस्था आउन सक्नेछ। हामी समक्ष विश्वका ठूला विवाद र ठूला पक्षहरु किन आउन चाहदैनन्? नेपाली व्यक्ति वा संस्था नै करारका पक्ष भएका विवाद किन महङ्गो खर्च व्यहोरेर विदेशी संस्था र व्यवसायीको खोजी गर्दछन? विवाद समाधानको उपचार दिने हामीहरुले आजका दिनमा हाम्रो भविष्य तर्फ नसोच्ने हो भने हामी समाप्तिको मार्गमा अग्रसर हुनेछौँ । "Lex Mercatoria" को जगमा आज विश्वभर प्रवर्द्धन भएको मध्यस्थको महत्व सानो छैन । कुनै राज्यको सीमा भित्र सोझै प्रवेश पाउने र कार्यान्वयन गर्नु पर्ने मध्यस्थको अवार्ड मुलुकको सिमा भित्र फैसला मात्र होइन फैसलाको पनि फैसला हो । जवसम्म विश्वमा व्यापार व्यवसाय चलिरहन्छ तवसम्म मध्यस्थ रही नै रहन्छ। नेपालमा मध्यस्थलाई थप प्रभावकारी र उपयोगी बनाउन ऐनमा केही संशोधन जरुरी हुनसक्दछ र केही हाम्रै शिक्षा र चेतनाले परिपूर्ति गर्न जरुरी छ। मध्यस्थलाई सहज र सफल बनाउन मेलमिलाप मिश्रित वर्णसङ्कर प्रणाली अवलम्बन गर्न आवश्यक छ । हालै सातवटा मुलुकबाट एकसाथ शुभारम्भ गरिएको नेपालका पूर्व प्रधान न्यायाधीश तथा राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष श्री अनुपराज शर्माले उद्घाटन गर्नु भएको Asia Pacific Centre for Arbitration & Mediation-APCAM ले यही वर्णसङ्कर पद्धतीको अवलम्वन गर्ने गरी आवश्यक नियम र पूर्वाधारको तैयारी गरेको छ। हामीले आवश्यकता महसुस गरे यहीं आवश्यक प्रशिक्षणको आयोजना गर्न सकिन्छ तर त्यस तर्फ सोच्न अझै ढिलो गर्नु हुँदैन ।

उद्योग व्यापार व्यवसाय र केही संवदेनशील घरायसी विवाद समाधानका लागि मेलमिलाप वा यसको वर्णसङ्कर नै उत्तम विकल्प हो । यसलाई हामीले नै अङ्गिकार गर्नु जरुरी छ। त्यसका लागि केही थप सिप ग्रहण गर्न प्रशिक्षण, अनुशिक्षण र अध्ययन गर्दै Singapore Convention ले मार्गदर्शन गरेझैँ मेलमिलाबाट नयाँ उचाईमा उपलब्धी थप गर्न सकिन्छ। यी दुवै पद्धति (मध्यस्थ र मेलमिलाप) लाई सक्षमता र होसियारी पूर्वक सिप र योग्यताका आधारमा एकैसाथ अवलम्वन हुने वर्णसङ्कर स्वरुपमा अभ्यास विकास गर्ने हो भने वाणिज्य क्षेत्रका विवाद समाधानमा वरदान साबित हुन सक्नेछ।

Revisiting Force Majeure in the COVID-19 Pandemic: A Global Perspective

Snigdha Bhatta[1]
Advocate, B.A., LLB (Hons)
Legal Associate at Legal Advisors' Forum

Abstract

The present paper attempts to explore the legal trajectory of the *force majeure* doctrine, and discuss the extent of immunity offered by a *force majeure* clause in light of the pandemic. It will draw distinctions between the doctrine of *force majeure* and the doctrine of economic hardship, legal maxims that are often used interchangeably. The paper will also shed light on whether the said immunity can be claimed when there is no *force majeure* clause in the contract and will do so against the background of Nepalese law, Indian law, US law and UK law.

Keywords

Force majeure, frustration, economic hardship, COVID-19, international commercial arbitration.

Introduction

Since the declaration of the novel coronavirus (Covid-19) as a "global pandemic" by the World Health Organization[2], countries all around the world have declared states of emergency of varying degrees. Aside from witnessing grave humanitarian crisis, the lockdown and the resulting financial slowdown has plunged the world into a period of deep economic crisis. As businesses struggle to prepare a response to the pandemic and navigate these troubled waters successfully, one question that has assumed center stage is "Does the global pandemic qualify as a *force majeur*e, thereby justifying suspension of contractual performance?". At a time like this, the ever-changing landscape of COVID-19 in the domestic and international arbitration context begs legal practitioners to re-learn and perhaps, unlearn the fundamentals of age-old concepts of *force majeure*, doctrine of frustration and doctrine of impractability. Needless to say, a large number of post-pandemic litigation suits will bring the application of these concepts into sharp focus.

The foreshadowing of the novel coronavirus as a "*force majeure* event" was done much before WHO declared the virus as a pandemic. As early as February 10, 2020, China's Legislative Affairs Commission of the National People's Congress Standing Committee had declared that the Chinese Government would be taking drastic and strict measures to combat the virus and any and all such measures affecting or

1 Email: bhattasnigdha@gmail.com

2 COVID-19 was declared as a pandemic by the Director-General of the World Health Organization (WHO), Dr. Tedros Adhanom Ghebreyesus, on 11 March 2020, see WHO announces COVID-19 outbreak a pandemic, <http://www.euro.who.int/en/health-topics/healthemergencies/coronavirus-covid-19/news/news/2020/3/who-announces-covid-19-outbreak-a-pandemic> (accessed April 20, 2020).

hindering a contract would be considered a "*force majeure* event".[3] Thereafter, the China Council for the Promotion of International Trade (CCPIT) issued a total 6454 *force majeure* certificates to various Chinese companies.[4] In particular, export companies were exempt from fulfilling their contractual obligations with overseas parties if they could prove that non-performance was in direct relation to the pandemic. Likewise, the French Ministry of Economy had also announced that the effect of the pandemic on the French economy has been monumental and that any late deliveries will be granted the exemption of *force majeure*.[5] There have been similar arrangements and declarations being made by other jurisdictions (both civil and common).

The inherent difficulty underlying the *force majeure* doctrine and principle of frustration/hardship is that these principles are products of national laws and follow a different trajectory across the globe. While the theory is uniform, the applicability of the same is left entirely to the respective nation's legal system. In light of these tremendously fluid times, resolution of non-performance related issues necessitates a development of set rules that correspond to the complexity and unpredictability of the situation at hand. Under these circumstances, the aforementioned doctrines demand a strict perusal in order to assess its applicability, implementation and relevance in the context of the pandemic.

Force Majeure, Doctrine of Frustration and Economic Hardship: A Dire Need for Distinction

A. Force Majeure

Force Majeure, a legal term originating from the French Civil Code, is defined as "an event or effect that can be neither anticipated nor controlled. The term includes both acts of nature (e.g., floods and hurricanes) and acts of people (e.g., riots, strikes and wars).[6] It is important to recognize that in most common law jurisdictions, *force majeure* is a doctrine that does not exist outside of contract. Every *force majeure* provision must thus be clearly stipulated in the contract and clarify which events fall under the category of "*force majeure*". This is in contrast with civil law countries as most civil law jurisdictions afford *force majeure* a statutory protection. For example, Article 1218 of the French Civil Code states that "In contractual matters, there is *force majeure* where an event beyond the control of the debtor, which could not reasonably have been foreseen at the time of the conclusion of the contract and whose effects could not be avoided by appropriate measures, prevents performance of his obligation by the debtor. If the prevention is temporary, performance of the obligation is suspended unless the delay which results justifies termination of the contract. If the prevention is permanent, the contract is terminated by operation of law and the parties are discharged from their obligations under the conditions provided by articles 1351 and 1351-1."[7] Likewise, *force majeure* as a doctrine exists under Article 180 of the People

3 "A force to be reckoned with-Chinese firms use obscure legal tactics to stem virus losses, The virus has led to firms trying to get out of contracts" https://www.economist.com/business/2020/02/20/chinesefirms-use-obscure-legal-tactics-to-stem-virus-losses (accessed April 20, 2020)

4 "CCPIT Guides Enterprises to Leverage Force Majeure Certificates, which Help to Maintain Nearly 60% Contracts" http://en.ccpit.org/info/info_40288117668b3d9b017163990e5a082a.html (accessed April 20, 2020).

5 The original text of the declaration can be found here: https://www.vie-publique.fr/discours/273763- bruno-le-maire-28022020-coronavirus (accessed April 20, 2020). See also <https://www.economie.gouv.fr/dgccrf/mesures-daccompagnement-des-entreprises-impactees-par-le-coronavirus-covid19> (accessed April 20, 2020).

6 Fareya Azfar, "The Force Majeure Excuse" (2012) < https://heinonline.org/HOL/LandingPage?handle=hein.journals/arablq26&div=18&id=&page=> (accessed June 02, 2020).

7 French Civil Code 2016, Art. 1218

Republic of China (PRC) General Rules on Civil Law and Article 117 of the PRC Contract Law. In such cases, even if the immunity is not covered in the contract, parties can seek statutory protection from their national laws.[8]

In contractual history, unexpected circumstances have assumed different characteristics - they can be entirely technical, financial, administrative, environmental and even political in nature. However, much of what accounts as "*force majeure*" depends on the contract entered into between two parties. Events such as the global financial crisis of 2008/2009 that caused unforeseeable economic burdens for a party to a contract[9]; civil riots, natural calamities such as hurricanes or typhoons or earthquake, an unprecedented drought[10] have qualified as "*force majeure*" events. Parties to a contract are thus free to specify the events that qualify *as force majeure* events and they will be successful in their force majeure claim if they can prove that:

1. The event has rendered the contract impossible to perform.[11]
2. The event was unforeseeable and made the performance impossible and not merely impracticable or difficult.[12]
3. There was direct correlation between the unforeseeable event and the ability to perform the contractual obligation.[13]
4. All the conditions precedent were fulfilled.[14]

Typically, a *force majeure* provision is worded in the following way:

> "*Neither party shall be in breach of this agreement nor liable for delay in performing, or failure to perform, any of its obligations under this agreement if such delay or failure results from events, circumstances or causes beyond its reasonable control including (without limitation) acts of God or natural disaster, epidemic or pandemic, chemical or biological contamination, wars, strikes, riots, or acts of domestic or international terrorism. In such circumstances the time for performance shall be extended by a period equal to the period during which performance of the obligation has been delayed or failed to be performed. If the period of delay or non-performance continues for four weeks, the party not affected may terminate this agreement by giving ten days' written notice to the affected party.*"

If the event that is alleged to have prevented performance under the contract has been specifically mentioned in the contract, the parties may only have to fulfil procedural obligations, such as sending notice to the other party to bring attention to the event to seek immunity. However, even in the event that a *force majeure* clause may not have encompassed all unforeseeable circumstances, usually a catch

8 The General Principles of Civil Law of the PRC, Art. 180

9 ICC Case No. 8486 of 1996, 24 Y.B. Comm. Arb. 162, 168 (1999)

10 Gould Marketing, Inc. v. Ministry of National Defence, 3 Iran-U.S. Cl. Trib. Rep. 147, 152-153 (1983): "[S]trikes, riots and other civil strife in the course of the Islamic Revolution had created classic force majeure conditions at least in Iran's major cities. By 'force majeure' we mean social and economic forces beyond the power of the state to control through the exercise of due diligence. Injuries caused by the operation at such forces are therefore not attributable to the state for purposes of its responding for damages".

11 Chitty on Contracts, 31st Edn., Para 14-151

12 David Thomas QC, "Frustration and Force Majeure: A Hard Line in English Law" (2011) < https://heinonline.org/HOL/LandingPage?handle=hein.journals/cnstrcnl6&div=18&id=&page=> (accessed June 02, 2020).

13 Treitel on Frustration and Force Majeure, 3rd Edn.

14 ibid

all phrase, such as "*including, but not limited to*" or "*any cause/ event outside the reasonable control of the parties*" will help include crisis such as an epidemic/pandemic within the ambit of the *force majeure* clause. In the current scenario, if the clause includes the terms "Act of God", it can be contended that the novel coronavirus is an Act of God and falls within the ambit of the clause. The Courts in the United States of America and the United Kingdom have held that an epidemic can be contended as an Act of God. In *Lakeman v. Pollard*[15], the Supreme Court of Maine held that the cholera outbreak was an 'Act of God' and the parties could not bring a suit of damages against each other for breach of obligations. Similarly, in *Coombs v. Nolan*[16], the District Court for the Southern District of New York excused cargo delay as the defendant was unable to obtain horses to unload a ship on time due to the prevailing horse flu pandemic at the time and held that the horse flu pandemic would fall under the residuary clause of the contract.

B. Doctrine of Frustration

Doctrine of frustration, on the other hand, is a doctrine wherein contractual obligations are allowed to be discharged and suspended if the unforeseen event renders the contract impossible of impractical to perform. Unlike *force majeure* which must be included in a contract to be invoked, doctrine of frustration is a product of the national law of the country and can be invoked by any party if a *force majeure* clause does not already exist in the contract. However, the threshold for invoking the doctrine of frustration is much higher than that of *force majeure*. To invoke frustration, parties must prove that:

a. The supervening event must have substantially changed the nature of the contractual rights which the parties could not have reasonably contemplated at the time of the execution of the contract.
b. The event makes the performance of the contract impossible.
c. The event has affected the nature, meaning, purpose and effect of the contract so as to render the effect permanent and not temporary.[17]

The first seminal case on frustration was *Taylor v. Caldwell*[18], where the Court established two important doctrines: subsequent impossibility and frustration of contract. According to the holding in that case, a claim for frustration required parties to improve that the "implied condition" had been significantly altered and that such alteration led to "impossibility of performance". However, a line of latter decisions, most notably *Krell v. Henry*[19] have held that even where the performance is still possible, if the foundation on which the contract was built gets upset and destroyed, parties may succeed in their claim for frustration.

C. Doctrine of Economic Hardship

Likewise, while the doctrine of economic hardship shares similarities with *force majeure* and frustration, it is a doctrine that specifically deals with cases where the performance contemplated in the contract has not become impossible. In such cases, only some circumstances have been altered, making the fulfilling of the contract merely difficult or often, of little economic sense. For example, the seller of an object that was contracted for loses it in an ocean. Theoretically, he must attempt to recover the lost object at any

15 Lakeman v. Pollard, 43 Me 463 [1857]
16 Coombs v. Nolan, 6 F Cas. 468 [1874]
17 ibid, n (14)
18 Taylor v. Caldwell, [1863] EWHC QB J1, (1863) 3 B & S 826, 122 ER 309
19 Krell v. Henry, [1903] 2 KB 740

cost and must fulfill his end of the bargain. However, the cost, effort and labor required to recover that lost good is infinitely higher than paying damages for breach of contract. Such a case would fall under the doctrine of economic hardship and not *force majeure*.

Jurisdictional Comparison of Force Majeure: A Cursory Glance

A. **Nepal**

The National Civil (Code) Act, 2017 (2074) contains provisions which are relevant to *force majeure* and doctrine of frustration. While "*force majeure*" as a term has not been codified in the statute, a potential attempt to encompass the principle has been couched under the terms "impossibility" and "fundamental change in circumstance". Section 513 of the Act deals with contingent contracts and *inter alia* provides that if a contract is based on the happening of a future event and such event becomes impossible, the contract becomes void. Section 531 of the Act deals with "fundamental change in circumstance" and states that "in case it becomes impossible to execute a contract as a result of fundamental change in the situation prevailing at the time of signing of the contract, the work under the contract need not be performed".[20] Furthermore, Section 531 (2) (b) elaborates that the fundamental change shall be deemed to have come in the situation prevailing at the time of signing of the contract in case it becomes impossible to execute the contract due to emergence of such situations as war, floods landslides, fire, earthquakes, and volcanic eruptions, which are beyond the control of human beings. Furthermore, the provision clarifies that fundamental changes shall not be deemed to have come in the situation prevailing at the time of signing the contract in any of the following circumstances: (a) In case it becomes difficult to perform the contract; (b) In case profit margin is low or loss is expected; (c) In case any party to a contract is dependent upon any third party who is not a party to the contract for performing the contract, if the third party commits a mistake or becomes unfit; (d) In the event of strikes and lockouts; (e) In case it becomes necessary to pay additional tax, fee or other revenue; (f) In case the contract has been signed with several objectives and only some of them cannot be fulfilled.[21]

The Supreme Court of Nepal in *Pradip Raj Pandey v. Karmalakshmi Kansakar* (*D.N. 9368, N.K.P. 2072)* is one of the few cases that has dealt with frustration of the contract. From a jurisprudential perspective, the decision does not elaborate on the specifics of the doctrine but has held that a contract can be said to be frustrated if the following elements are present:

1. Impossibility of performance,
2. Unlawful performance by change in law,
3. Destruction of subject matter for performance, and
4. Death or incapacity of party essential for contract performance.

It is clear from the provisions outlined under the Act that economic hardship will not qualify as a *force majeure* event and that courts tend to restrictively construe doctrine of frustration and demand a clear and direct causal connection between the event and the non-performance of the contract. If the performance has been made merely difficult but not impossible, courts will most likely be reluctant to grant immunity.

20 The National Civil (Code) Act, 2017 (2074), s. 531.

21 ibid

B. **India**

Taking EOT case up to the Council of Ministers might let the public personnel avoid their duty of deciding on EOT. Furthermore, only public personnel are well aware of the situation in the field. Therefore, public personnel up to the Secretary level only should be given the authority to decide on EOT and should make them responsible as well. While deciding on EOT, liquidated damage provision should be reasonably linked.

Liquidate damage is to be decided on the basis of the Contractor's performance and EOT decision. Liquidated damage could be applicable only if the time is extended due to the Contractor's default. In the case of the Employer's risk and thereby EOT, imposition of liquidated damage is not valid.

These repeated amendments on EOT would not convey the good message in to the development sector. Therefore, EOT provision should be amended solely based on its essence and importance so that the capable Contractors could be motivated to complete the Works for the government to be able to realize project benefits in time.

Bibliography

Bunni, N. G., 2005. *The FIDIC Forms of Contract.* Oxford: Blackwell Publishing Ltd..

PPMO, 2007. *Public Procurement Regulation.* Kathmandu: Public Procurement Monitoring Office.

SCL, 2017. *Delay and Disruption Protocol,* Leicestershire, UK: Society of Construction Law (UK).

नेपालमा मध्यस्थताको निर्णय र यसको कार्यान्वयन पक्ष

तुलबहादुर श्रेष्ठ
अधिबक्ता

पृष्ठभुमि

सामान्यतः संलग्न पक्षहरु बीच उत्पन्न भएको करारीय विवाद वा मत भिन्नता मध्यस्थताकालागि प्रस्तुत गरिएकोमा मध्यस्थ वा मध्यस्थहरुले लिखित रुपमा व्यक्त गरेको निष्पक्ष अभिव्यक्तिलाई निर्णय (award) भनिन्छ । पक्षहरुका बीच सम्पन्न सम्झौतामा उल्लेख भए बमोजिम पक्षहरुको सहमतिमा नियुक्ति गरिएको मध्यस्थद्वारा गरिएको निर्णय सामान्यतः अन्तिम र निश्चित हुनु पर्छ । यदि मध्यस्थद्वारा गरिएको निर्णय स्पस्ट र निश्चित नभएमा त्यस्तो निर्णय पक्षहरुका बीच मान्य र वाध्यात्मक नहुन पनि सक्छ । निर्णय गरिनु पर्ने आधारभुत कुरालाई ध्यानमा राखी निर्णय गरिएन भने अन्तिमताको अभाव भएको निर्णय हुने छ । सामान्य अदालतमा प्रस्तुत गरिएको विवादमा सवुद प्रमाणको परीक्षण गरी, आवश्यकता अनुसार विशेषज्ञको राय लिनु पर्नेमा त्यस्तो राय लिई र विवादका पक्षहरुका कानुन व्यवसायीको बहस समेत सुनी निर्णय गरिए जस्तै मध्यस्थ समक्ष प्रस्तुत हुन आएको विवादमा पनि त्यस्ता प्रक्रियाहरुको विद्यमानता रहन्छ । सिद्धान्ततः मध्यस्थको निर्णय अन्तिम हुन्छ । तर मध्यस्थले गरेको कुनै निर्णयमा मध्यस्थता ऐन, २०५५ को दफा ३० बमोजिमको अवस्था विद्यमान रहेमा त्यस्तो निर्णय उपर सुनुवाई गरी निर्णय बदर गर्न सक्ने अधिकार सोही दफाले उच्च अदालतलाई प्रदान गरेको छ ।

मध्यस्थाता ऐन, २०५५ बमोजिम पक्षहरुकाबीच उत्पन्न भएका विवाद वा मत भिन्नताहरुको समाधान पक्षहरु आफैँले नियुक्ति गरेको मध्यस्थद्वारा गराउने भनी सम्झौतामा नै उल्लेख गरेको भए सोही बमोजिम मध्यस्थद्वारा समाधान खोजिने छ । आफूद्वारा नियुक्त मध्यस्थद्वारा आफ्ना लागि गरिने निर्णय भएकोले यसको कार्यान्वयन पक्षलाई सामान्य अदालतले गरेको फैसला जसरी लिने गरिएको पाईदैन । मध्यस्थद्वारा गरिने निर्णय र सो को कार्यान्वयनका सम्बन्धमा कतिपय अस्पष्टताका रहेको हुँदा एउटा निश्चित अवधाराणा बनाई कार्यान्वयन पक्षलाई सरल बनाउन सहजिकरण होस भन्ने आशयका साथ यो लेख तयार गर्ने प्रयत्न गरिएको छ ।

(१) **मध्यस्थले निर्णय लिँदा ध्यान पुऱ्याउनु पर्ने कुराहरू :** मध्यस्थले आफू समक्ष पेश गरिएका विवाद वा मतभिन्नताको समाधानका लागि निम्न कुराहरुलाई ध्यान पुऱ्याई निर्णय गर्नु पर्ने कानुनी व्यवस्था छः

- **निर्णय लिनु पर्ने अबधि** : पक्षहरुका बीच भएको सम्झौतामा अन्यथा उल्लेख भएकोमा बाहेक मध्यस्थता ऐन, २०५५ को दफा १७ को उपदफा (७) को अधिनमा रही दफा १४ बमोजिमका

कागजातहरु मध्यस्थ समक्ष पेश भएको साधारणत: एक सय बीस दिन भित्र निर्णय दिनु पर्छ भन्ने कानुनी व्यवस्था गरिएको छ । ऐनको दफा २४ को उक्त अवस्था असाधारण अवस्था हो भनी तथ्य सहित निवेदन गरेमा सो अवधि बढाउन सकिने व्यवस्था गरिएको छ । तर मनासिव माफिकको कारण सहितको अवधि हो वा होइन भन्ने कुरा विवादको तथ्यमा भर पर्ने भएकाले सो कुरालाई समेत ध्यान दिई निर्णय लिनु पर्ने सीमा तोकिएको हुँदा मध्यस्थहरु पनि कानुनी सीमा भित्रै रहनु पर्ने हुन्छ ।

- **बहुमतको निर्णय मान्य :** मध्यस्थहरुको संख्या एक जना वा सो भन्दा बढी भएको अवस्थामा वहुसंख्यकको राय नै मध्यस्थको निर्णय भएको मानिने छ। मध्यस्थहरुको राय भिन्न भै सर्वसम्मती कायम हुन नसकेमा सम्झौतामा अन्यथा उल्लेख भएको अवस्थामा बाहेक अन्य मध्यस्थको राय मध्यस्थको निर्णय मानिन्छ भन्ने कानुनी व्यवस्था छ । कुनै मध्यस्थ मध्यस्थताको निर्णयमा सहमत हुन नसकेमा निजले असहमतिको राय व्यक्त गर्न सक्ने व्यवस्था मध्यस्थता ऐन, २०५५ को दफा २६ मा रहेको छ ।
- **निर्णयमा खुलाउनु पर्ने कुराहरू :** सामान्यत: मध्यस्थले गरेको निर्णयमा मध्यस्थता गर्न सुम्पिएको विवाद वा मत भिन्नताको छोटकरी विवरण, मध्यस्थताको क्षेत्राधिकार उपर कुनै पक्षले प्रश्न उठाएको भए क्षेत्राधिकार भएको ठहर गर्ने आधार, मध्यस्थको ठहर र उक्त ठहरमा पुग्न लिईएका कारण र आधार, भरिभराउ वा क्षतिपूर्ति गरी दिनु पर्ने कुरा वा रकम भरी भराउ गर्नु पर्ने रकममा लाग्ने ब्याज, र उक्त ऐनको दफा ३१ को म्याद भित्र मध्यस्थको निर्णय कार्यान्वयन नभएमा त्यस्तो समय व्यतित भए पछि लाग्ने थप ब्याज दर, मध्यस्थताको निर्णय भएको स्थान र मिति समेत स्पस्ट खुलाउनु पर्ने छ । पक्षहरुका बीच भएको सम्झौतामा अन्य कुरा खुलाउनु पर्ने भनी उल्लेख भएको भएमा त्यस्ता कुराहरु पनि ऐनको दफा २७ बमोजिम खुलाउनु पर्नेछ । तर यसो भन्दैमा अस्पष्ट र अनिश्चित निर्णय गर्न हुँदैन । मध्यस्थको निर्णय ठोस हुनु पर्दछ । यदि शर्तयुक्त निर्णय दिने अवस्था आएमा विकल्पहरुको पनि व्याख्या विश्लेषण गरी स्पस्ट खुलाउनु पर्नेछ ।
- **मध्यस्थको दस्तखत :** मध्यस्थले गरेको निर्णयमा प्रत्येक मध्यस्थले आ-आफ्नो दस्तखत गर्नु पर्छ । दस्तखत गर्न नसक्ने कुनै कारण भएमा त्यस्तो कारण खुलाई बाँकी मध्यस्थले उक्त निर्णयको सक्कल प्रतिमा दस्तखत गर्नु पर्छ ।
- **निर्णय सुनाउनु पर्ने :** मध्यस्थ वा मध्यस्थहरुले निर्णय गरिसकेपछि सो निर्णय पक्षहरु समक्ष पढी सुनाउनु पर्छ। मध्यस्थले गरेको निर्णय सुनाई सके पछि सो निर्णयको एक/एक प्रति सबै पक्षलाई उपलब्ध गराउनु पर्छ । पक्षहरुलाई सुनाईएको निर्णयको प्रतिलिपी बुझाएको निस्सा मिसिल सँलग्न गरी राख्नु पर्छ । निर्णय सुनाउन समय तोकिएकोमा कुनै पक्ष उपस्थित नभएमा वा उपस्थित भए पनि निर्णयको प्रतिलिपी बुझिलिन ईन्कार गरेमा सो कुरा जनाई निर्णयको प्रतिलिपी संलग्न गरी निजलाई सूचना दिनु पर्ने व्यवस्था मध्यस्थता ऐन, २०५५ को दफा २८ ले गरेको छ। यो व्यवस्था वाध्यात्मक व्यवस्था हो ।

■ *लेखक अधिवक्ता हुनुहुन्छ ।*

- **दोहोऱ्याई निर्णय गर्न नहुने :** मध्यस्थता ऐन, २०५५ को दफा ३० बमोजिम उच्च अदालतले दिएको आदेश बाहेक मध्यस्थले आफू समक्ष सुम्पिएको बिषयमा एक पटक निर्णय गरिसकेपछि गणितिय, छपाई, टाईपिङ्ग वा त्यस्तै प्रकृतिका सानातिना त्रुटी सच्याउन र त्यसमा छुट भएको कुरा समावेश गर्न बाहेक निर्णयको मूल सारमा असर पर्ने गरी सोही बिषयमा पुनः अर्को निर्णय गर्नु हुँदैन भन्ने कानुनी व्यवस्था उक्त ऐनको दफा २९को उपदफा (१) मा गरिएको छ। मध्यस्थको निर्णयमा भएको त्रुटी सच्याउन पर्ने भन्ने कुनै पक्षलाई लागेमा निजले निर्णयको प्रतिलिपी पाएको मितिले तीस दिन भित्र मध्यस्थसमक्ष निवेदन दिनु पर्छ। त्यस्तो निवेदन परे पछि मध्यस्थले सो त्रुटी सच्याउन वा छुट भएको कुरा समावेश गर्न मनासिव देखेमा त्यस्तो निवेदन प्राप्त भएको मितिले १५ दिन भित्र त्रुटी सच्याउन वा छुट भएको कुरा समावेश गर्न सक्ने छ। यस्तो निर्णय गर्दा छुट्टै पर्चा खडा गर्नु पर्ने छ। तर निवेदन नपरे पनि मध्यस्थ आफैँले त्यस्तो कुरा सच्याउन आवश्यक ठानेमा निर्णय भएको तीस दिन भित्र पर्चा खडा गरी सच्याई त्यसको जानकारी सम्बन्धित पक्षलाई दिनु पर्ने ब्यबस्था पनि ऐनको दफा २९ को उपदफा (२) मा गरिएको पाईन्छ।
- मध्यस्थले गरेको निर्णयमा कुनै पक्षले दाबी पेश गरेको कुराहरुमध्ये कुनै कुराका सम्बन्धमा मध्यस्थले निर्णय गरेको रहेनछ भने सो कुराका हदसम्म अर्को पक्षको सहमति लिई मध्यस्थले निर्णय गरेको मितिले तीस दिन भित्र सो कुरामा निर्णय हुन निवेदन दिन सक्ने व्यवस्था पनि उक्त ऐनको दफा २९ को उपदफा (३) ले गरेको छ। त्यसरी निवेदन परेमा निवेदन परेको मितिले पैँतालिस दिनभित्र सो हदसम्म सीमित रही पुरक निर्णय गर्न सक्छ। अर्को पक्ष सहमत नभएमा भने निर्णय गर्न बाँकी कुराका सम्बन्धमा पुरक निर्णय गर्न मध्यस्थले सक्दैन। त्यसै गरी मध्यस्थको निर्णयमा कुनै कुरा वा अंश अस्पष्ट भएकाले व्याख्या गर्न कुनै पक्षले अर्को पक्षलाई सूचना दिएमा मध्यस्थको निर्णय भएको मतिले तीस दिनभित्र मध्यस्थ समक्ष अनुरोध गर्न सक्छ। पक्षहरुबाट त्यसरी अनुरोध भै आएमा सो को पैँतालिस दिनभित्र मध्यस्थले अस्पष्ट भएको कुराको व्याख्या गरी स्पष्ट पार्न सक्छ। यस्तो स्थितिमा पनि दुवै पक्षको सहमति हुनु पर्छ। सहमति नभई एकपक्षीय सहमतिका आधारमा अस्पष्ट भएको कुराको ब्याख्या गरी स्पष्ट पार्न सक्तैन भन्ने व्यवस्था पनि सोही ऐनको दफा २९ को उपदफा (४) ले गरेको छ।

(२) निर्णय दिन नहुने अबस्था : बिवाद वा मतभिन्नतासँग मध्यस्थले निर्णय गर्न नहुने बिषय अभिन्न रुपमा गाँसिएको रहेछ भने त्यस्तो बिषयमा निर्णय गर्नु हुँदैन। त्यस्तो बिषय विवाद वा मत भिन्नतासँग अभिन्न रुपमा गाँसिएको भन्ने कुरा सम्झौता वा अन्य कुराहरुबाट देखिएको हुनु पर्छ। आफूले निर्णय गर्न नहुने अवस्था परेमा मध्यस्थले सो कुरा को सूचना सम्बन्धित पक्षहरुलाई दिनु पर्छ। त्यस्तो सूचना प्राप्त गरेकोमा सो प्राप्त गरेको मितिले पैँतिस दिन भित्र सम्बन्धित पक्षले प्रचलित कानुमा जुनसुकै कुरा लेखिएको भएता पनि अदालतमा उजुर गर्न सक्दछ। त्यसरी पक्षहरुबाट उजुरी परेको खण्डमा अदालतले कानुन बमोजिम गरिदिनु पर्दछ भन्ने व्यवस्था ऐनको दफा २५ ले गरेको छ।

(३) निर्णय बदर हुन सक्ने अबस्था : मध्यस्थले गरेको निर्णयमा चित्त नबुने पक्षले निर्णय सुनि पाएको वा निर्णयको सूचना पाएको मितिले पैंतिस दिनभित्र त्यस्तो निर्णय बदर गराउन चाहेमा सम्बन्धित कागजातहरु र निर्णयको प्रतिलिपी समेत संलग्न गरी उच्च अदालत समक्ष निवेदन दिनु पर्छ । निवेदनको प्रतिलिपी मध्यस्थ र सम्बन्धित पक्षलाई दिनु पर्छ । त्यस्तो निवेदन परेमा उच्च अदालतले त्यस्तो निर्णय बदर गर्न वा आवश्यकता अनुसार पुनः निर्णय गर्न आदेश दिन सक्ने छ । यसरी निवेदन दिने पक्षले देहायको कुनै कुरा प्रमाणित गरेमा मात्र उच्च अदालतले मध्यस्थको निर्णय बदर गर्न वा पुनः निर्णय गराउन आदेश दिन सक्दछ अन्यथा सक्दैन भन्ने व्यवस्था मध्यस्थता ऐन,२०५५ का दफा ३० को उपदफा (२) ले गरेको छः

- सम्झौताका कुनै पक्ष सम्झौता गर्दाका बखत कुनै कारणले सम्झौता गर्न असक्षम रहेको वा पक्षहरु जुन मुलुकको कानुनको अधिनमा रहेका छन सो कानुन वा त्यस्तो कानुन स्पस्ट हुन नसकेकोमा नेपाल कानुन बमोजिम सो सम्झौता बमोजिम बैध नरहेको,
- निवेदन गर्ने पक्षलाई मध्यस्थ नियुक्ति गर्नका लागि वा मध्यस्थताको कारवाहीका सम्बन्धमा समयमा नै रितपुर्वक सूचना नदिएको,
- मध्यस्थलाई नसुम्पिएको विवादसँग सम्बन्धित बिषय वा मध्यस्थलाई सुम्पिएको शर्त बिपरित वा मध्यस्थलाई सुम्पिएको क्षेत्र बाहिर गै निर्णय भएको,
- नेपाल कानुन प्रतिकूल सम्झौता भएकोमा बाहेक मध्यस्थताको गठन विधि वा त्यस्तो सम्झौता नभएकोमा यस मध्यस्थता ऐन,२०५५ अनुसार नभएको,
- तर मध्यस्थता ऐन, २०५५ को दफा ३० को उपदफा (१) अनुसार निवेदन परेकोमा उच्च अदालतले देहायको अवस्थामा मध्यस्थताको निर्णय बदर गर्न सक्ने व्यवस्था सोही ऐनको दफा ३० को उपदफा (३) ले गरेको छ ।
- मध्यस्थले निर्णय गरेको विवाद नेपाल कानुन बमोजिम मध्यस्थद्वारा निरुपण हुन नसक्ने भएमा,
- मध्यस्थले गरेको निर्णय सार्वजनिक हित वा नीति प्रतिकूल भएमा,

(४) मध्यस्थको निर्णयको कार्यान्वयन : सामान्यतः पक्षहरुले मध्यस्थको निर्णयको प्रतिलिपी पाएको पैंतीस दिनभित्र निर्णय कार्यान्वयन गर्नु पर्ने कानुनी व्यवस्था मध्यस्थता ऐन,२०५५ को दफा ३१ मा गरिएको छ ।

- **पक्षहरू आपसमा मिलि गरिने कार्यान्वयन** : मध्यस्थले गरेको निर्णयमा चित्त बुझाई पक्षहरु आफैँले पनि उक्त निर्णयको प्रतिलिपी पाएको मितिले ४५ दिन भित्र कार्यान्वयन गर्न सक्नेछन ।
- **अदालतद्धारा निर्णय कार्यान्वयन :** मध्यस्थता ऐन,२०५५ को दफा ३१ बमोजिम तोकिएको अवधि भित्र निर्णय कार्यान्वयन हुन नसकेमा सो म्याद नाघेको तीस दिनभित्र पक्षले मध्यस्थको निर्णय कार्यान्वयनका लागि सम्बन्धित जिल्ला अदालतमा निवेदन दिन सक्ने छ । त्यसरी निवेदन परेमा जिल्ला अदालतले सो निर्णयलाई आफ्नो फैसला सरह साधारणतः तीस दिनभित्र कार्यान्वयन गरिदिनु पर्ने व्यवस्था सोही ऐनको दफा

३२ मा गरिएको छ । यस प्रयोजनका लागि सम्बन्धित जिल्ला अदालत भन्नाले सम्झौता वा मध्यस्थता हुने ठाँउ तोकिएकोमा सोही ठाँउको र त्यस्तो ठाँउ नतोकिएकोमा विवाद वा मत भिन्नता उत्पन्न भएको वा मध्यस्थताको कारवाही र निर्णय भएको वा साधारणतया कुनै पक्ष वसोवास गरी आएको ठाँउको प्रादेशिक क्षेत्राधिकार भएको जिल्ला अदालत सम्झनु पर्दछ भनी सोही ऐनको दफा २ को खण्ड (ग) मा उल्लेख गरिएको छ ।

- **बिदेशमा भएको निर्णय कार्यान्वयन :** विदेशमा भएको मध्यस्थको निर्णय कार्यान्वयन गराउन चाहने पक्षले सम्बन्धित लिखतहरु संलग्न गरी सम्बन्धित उच्च अदालतमा निवेदन दिनु पर्ने कानुनी व्यवस्था मध्यस्थता ऐन,२०५५ को दफा ३४ को उपदफा (१) र उपदफा (२)को देहाय खण्डहरुको अवस्थामा नेपालमा कार्यान्वयन हुन सक्ने व्यवस्था गरिएको पाईन्छ । दफा ३४ को उपदफा (१) को देहायको लिखतहरु संलग्न गरी निवेदन उच्च अदालत समक्ष दिनु पर्ने छ:

- मध्यस्थताको निर्णयको सक्कल वा त्यसको प्रमाणित प्रीतलिपी प्रति,
- सम्झौताको सक्कल वा त्यसको प्रमाणित प्रतिलिपीको प्रति,
- मध्यस्थको निर्णय नेपाली भाषामा भएको रहेनछ भने सो निर्णयको नेपाली भाषामा भएको औपचारिक अनुवाद । त्यसै गरी दफा ३४ को उपदफा (२) मा भएको व्यवस्था अनुसार विदेशमा भएको मध्यस्थको निर्णयलाई मान्यता दिने तथा कार्यान्वयन गराउने सम्बन्धमा व्यवस्था भएको कुनै सन्धिको नेपाल पक्ष भएको रहेछ भने सो मध्यस्थको निर्णय त्यस्तो सन्धिको व्यवस्था तथा त्यसको पक्ष बन्दा उल्लेख गरिएका शर्तहरुको अधिनमा रही देहायको अवस्थामा मान्यता दिई नेपालमा कार्यान्वयन हुनेछ ।
- सम्झौतामा उल्लेख कानुन तथा कार्यविधि बमोजिम मध्यस्थ नियुक्ति भई निर्णय भएको भएमा,
- पक्षहरुलाई मध्यस्थताको कारवाहीको समयमै जानकारी गराईएको भएमा,
- सम्झौताका शर्तहरु वा मध्यस्थलाई सुम्पिएको विवादहरुमा मात्र सिमित रही निर्णय भएको भएमा,
- जुन मुलुकमा निर्णय भएको हो सो मुलुकको कानुन बमोजिम सो निर्णय पक्षलाई अन्तिम र बन्धनकारी भईसकेको भएमा,
- जुन व्यक्तिले मध्यस्थको निर्णय कार्यान्वयन गराउन निवेदन दिएको हो सो व्यक्तिको मुलुकको कानुनमा वा मध्यस्थता भएको स्थानको मुलुकको कानुनमा नेपालमा भएको मध्यस्थको निर्णय कार्यान्वयन हुन नसक्ने कानुनी व्यवस्था नभएमा,
- निर्णय भएको मितिले नब्बे दिनभित्र निर्णय कार्यान्वयनको लागि निवेदन परेको भएमा, त्यसरी मध्यस्थता ऐन, २०५५ को दफा ३४ को उपदफा (३) मा उपदफा (१) बमोजिम परेको कुनै निवेदनमा सोही ऐनको दफा ३४ को उपदफा (२) बमोजिमका शर्तहरु पुरा भएको छ भन्ने कुरामा उच्च अदालत सन्तुष्ट भएमा सो अदालतले सो निवेदनलाई कार्यान्वयनका लागि सम्बन्धित जिल्ला अदालतमा पठाउनु पर्नेछ । यस दफा ३४

मा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि जुन विवाद निरुपण भै निर्णय गरिएको हो सो विवाद नेपाल कानुन बमोजिम मध्यस्थद्वारा समाधान हुन नसक्ने प्रकृतिको भएमा र त्यस्तो निर्णयको कार्यान्वयन गर्दा सार्वजनिक नीतिको विरुद्ध हुने भएमा कार्यान्वयन हुन नसक्ने उल्लेख गरिएको छ ।

यसरी विदेशमा भएको मध्यस्थको निर्णय कार्यान्वयन र नेपालमा भएको मध्यस्थको निर्णयको कार्यान्वयन तुलना गर्दा स्वदेशमा गरिएको मध्यस्थ निर्णयको कार्यान्वयन सरल र सहज रुपमा हुने देखिन्छ। मध्यस्थले विदेशमा गरेको निर्णय कायान्वयनका सम्बन्धमा माथि उल्लेखित आधारहरुको पुर्ण पालना गर्न जरुरी भएकोले त्यति सहज नहुन सक्छ ।

(५) ब्याज तिर्नु पर्ने : पक्षहरुले आपसमा गरेको सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै पक्षले अर्को पक्षलाई कुनै रकम बुझाउने गरी मध्यस्थबाट निर्णय भएमा विवाद वा मत भिन्नतासँग सम्बन्धित व्यवसायको प्रकृति समेतको बिचार गरी त्यस्तो कारोवारमा बाणिज्य बैंकले तत्काल अपनाएको ब्याज दर भन्दा बढी नहुने गरी मध्यस्थले तोकी दिएको ब्याज समेत बुझाउनु पर्ने व्यवस्था मध्यस्थता ऐन, २०५५ को दफा ३३ मा गरिएको छ । सो दफामा गरिएको व्यवस्था अनुसार मध्यस्थको निर्णय भएको मिति देखि मध्यस्थको निर्णय कार्यान्वयन गर्नु पर्ने समयावधिसम्मको अवधिको हकमा कुनै ब्याज लाग्दैन । यस किसिमको कानुनी व्यवस्थाबाट हेर्दा मध्यस्थबाट हुने निर्णय छिटो र छरितो तरिकाले सम्पन्न गर्न पक्षहरुको सहयोगको आवश्यकता पर्ने देखिन्छ ।

(६) मध्यस्थको निर्णय कायान्वयनमा अदालतको न्यायिक सकृयता : सिद्धान्ततः मध्यस्थले गरेको निर्णय अन्तिम हुने विश्वव्यापी प्रचलन रहे तापनि नेपालमा त्यसो भएको पाईंदैन । अधिकांश मध्यस्थको निर्णय उपर उच्च अदालतमा पुनरावेदन गर्ने र उच्च अदालतको फैसला उपर पनि सर्वोच्च अदालतमा समेत रीट लिई जाने अर्थात कानुनले प्रदान गरेका सुविधा उपयोग गर्ने भन्दा कानुनका छिद्र पहिल्याई सर्वोच्च अदालतसम्म जाने परिपाटी विकास भएको छ । यस्तो काम कारबाहीले मध्यस्थताको माध्यमबाट विवादको निरोपण छिटो छरितो तरिकाले हुन्छ भन्ने मध्यस्थताको आधारभूत मान्यतालाई कमजोर बनाई रहेको देख्न सकिन्छ । जसको परिणाम मध्यस्थको निर्णयको महत्व दिन प्रति दिन घट्दोक्रममा रहेको पाईन्छ । मध्यस्थता ऐन, २०५५ को दफा ३० बमोजिम मध्यस्थको निर्णय बदर गर्न सकिने कानुनी व्यवस्था भएता कतिपय विवादहरुको व्याख्या गर्दा मध्यस्थता ऐन, २०५५ को मर्म र भावना विपरति व्याख्या गर्ने गरिएका कारण मध्यस्थको मूल मर्म र भावना लडरखडाउन पुगेको छ र जसका कारण मध्यस्थताको निर्णय कार्यान्वयनमा ढिलाई समेत भै रहेका तथ्यहरु प्रत्यक्षरुपमा देख्न सकिन्छ । मध्यस्थताको काम कारवाहीका रुपमा सकृय संस्थाको रुपमा नेपाल मध्यस्थता परिषदले यस विषयमा उच्च अदालत तथा सर्वोच्च अदालतका माननिय न्यायाधिशहरुसँग अन्तर्कृया गरी छलफल चलाउन कोशिस गरेको भएता पनि सो मध्यस्थता ऐन, २०५५ को मर्म र भावना बमोजिम व्याख्या अझ पनि हुन सकेको पाईदैन । मध्यस्थता ऐन, २०५५ को मर्म र भावनाका आधारमा मध्यस्थहरुद्वारा भएका निर्णयहरुलाई व्यवस्थित र मर्यादित बनाउने गरी सुधारात्मक उपायहरु (corrective measures) को रुपमा मात्र फैसलाहरु हुने गरेमा स्वभाविक रुपमा मध्यस्थता ऐन, २०५५ को असल कार्यान्वयन हुने तर्फ क्रमशः विकाश हुँदै जाने छ भन्ने आशा गर्न सकिन्छ ।

Suitability of Arbitration Act as Lex Arbitri amid COVID-19



Sameep Khanal[1]
Advocate
Associate at Pioneer Law Associates
Board Member at Centre for International Law Nepal

Abstract

Currently, world is reeling under the effect of Novel Coronavirus (the, "**COVID-19**"). The effect of COVID-19 has been felt across all sectors around the world. Due to the travel restrictions and limited mobility, the usual process of resolving dispute being onsite presence of the adjudicator/arbitrator and parties of the dispute has made impractical. This has led arbitrators, arbitral institutions and legislators to identify novel method of conducting the proceedings and rendering the award. This article looks into the challenges of conducting arbitration of dispute between contracting parties pursuant to the Arbitration Act of Nepal, 2055. (the "**Arbitration Act**"). Firstly, this article will give brief outline of best practices adopted by arbitral institutions and states across various jurisdiction for facilitating arbitration during COVID-19. Secondly, it will identify the challenges faced by the parties for conducting arbitration pursuant to the Arbitration Act as *lex loci arbitri* on various aspects namely (a) limitation period (b) conducting proceedings and rendering award due to COVID-19. Finally, this article shed light on the measures that may be necessary for expediting arbitration governed by the Arbitration Act as *lex arbitri*.

Introduction

World is reeling under the effect of Novel Coronavirus (the, "**COVID-19**"). The effect of COVID-19 has been felt across all sectors around the world. Lockdown measures caused the travel restrictions and limited mobility, due to this the usual process of resolving dispute being onsite presence of adjudicator/arbitrator and parties has been impractical during such kind of pandemic situation. This has led arbitrators, arbitral institutions and legislators to identify novel method of conducting the proceedings and rendering the award.

1. **Best Arbitral Practices during COVID-19**

Various jurisdiction and arbitral tribunals have introduced measures conducive to arbitration during COVID-19. These measures include (a) extension of statute of limitation (b) relaxation of procedural formalities of conducting arbitration.

Indian Supreme Court through *suo moto* cognizance has also extended the statute of limitation under various laws (including Indian Arbitration Act) until further notice with immediate effect from March 15, 2020. Turkey has introduced Law No. 7226. This law suspends the statute of limitation applicable to parties under Turkish arbitration law starting from March 13, 2020 (including this date) until 30/4/2020.

1 Licensed Advocate, Nepal Bar Council, Associate at Pioneer Law Associates, Board Member at Centre for International Law Nepal (CILN).

Further arbitral institutions have introduced measures at relaxing the procedural formalities for conducting arbitration. International Chamber of Commerce (ICC) has issued Guidance Note on Possible Measures Aimed at Mitigating the Effects of the COVID-19 Pandemic ("**Guidance Note**"). The ICC Guidance Note has suggested that arbitrators has to consult the parties for conducting the arbitration as far as possible by encouraging them for written submissions, submission of evidences electronically, and use of video/conferences. Further, ICC Secretariat has also urged all communications with secretariat has to be done electronically. Guidance Note urges parties to agree options of cyber-protocol while conducting the virtual hearings to ensure safety and uniformity.

Other similar measures includes Seoul Protocol on Video Conferencing in International Arbitration, which provides guidance on conducting online hearings. Similarly, arbitral institutions such as Stockholm Chamber of Commerce (SCC), International Dispute Resolution Centre (IDRC) are using Skype, Zoom for conducting arbitration while Singapore International Arbitration Centre is launching own platform in collaboration with other entities.

2. Suitability of Arbitration Act during COVID-19

A. Limitation Period under the Arbitration Act

The Arbitration Act has prescribed timeline for serving the notice of arbitration, claims, counter-claims and other notices. However, due to lockdown measures imposed by Government of Nepal the parties of a dispute may not be able to meet the timeline prescribed by the Arbitration Act. Supreme Court of Nepal comprising of larger full bench on May 18 in *Maheshwor Shrestha as Plaintiff and the Writ Section of Supreme Court as Respondent* has issued an order (SC Order) and declared the period of lockdown as zero period. The SC Order further held that period from March 22 until relaxation of lockdown will not be counted for the purpose of identifying timeline/statute of limitation of resorting to courts. Further, as per para 65 of SC Order, such benefit should be provided to the arbitration and court administered mediation.

The Arbitration Act has separate timeline for extension of timeline for filing claims, counter-claims and rejoinders. As per Sub-section (4) of Section 14 of the Arbitration Act parties can file for extension of timeline if such inability is due to circumstances beyond the control of parties. It is likely that certain inability of parties will be due to lockdown measures. Para 53 of SC Order has also held that COVID-19 doesn't constitute circumstances beyond control as it has not end and beginning. Therefore SC Order is likely to be applied instead of Sub-section (4) of Section 14 despite independent provision prescribed in Arbitration. Further as per Para 65 (2) (g) of SC Order, parties having more than 30 days for resorting to forums after relaxation of lockdown measures will be entitled to such additional days.

However, it is not clear whether timeline under dispute resolution clause requiring certain time period of negotiation before resorting to arbitration (multi-tier dispute resolution clause) will also be deemed as zero period under the Supreme Court decision.

B. Conducting Proceedings under Arbitration Act

a. *Virtual Hearing, Examinations and Cross-Examination*

Courts across jurisdictions have specifically held that conducting hearing through video conferencing will not be inconsistent with the requirement of due process and equality of parties. In *Eaton Partners LLC v. Azimuth Capital Mgmt. IV Ltd* a U.S. court held that the examination of a

witness by video conference would not constitute deprivation of liberty of fair hearing.

Due to COVID-19 it has not been feasible to conduct on-site hearing. Further due to restrictions on mobility, physical submission of documents and notice has been severely affected. The Arbitration Act doesn't explicitly states that video-conferencing can be adopted for conducting hearing. However, section 19 of the Arbitration Act allows parties to agree on procedure of arbitration if such procedure has not been mentioned in agreement. If parties cannot agree on procedure then arbitrator can determine the procedure applicable to arbitration. This seems to suggest arbitrator will be able to explore option of carrying out hearing through video-conferencing.

Sub-section (5) of Section 19 of the Arbitration Act requires the respondent to ensure attendance of the witness before the arbitral tribunal. However, the wording of *before the tribunal* in Sub-section (5) of Section 19 seems as suggesting physical presence of witness. However, Evidence Act, 2031 (as amended on 2077/02/20) has allowed courts to take oral evidence through video conferencing. Evidence Act has defined courts as including any authority hearing the case. It is likely that arbitral tribunal will also fall under this definition. If this provision is not applicable to arbitral tribunal, then this would adversely affect the examination of witness during pandemic due to limited mobility and travel restrictions. This provision is not conducive to current dispute which is to be resolved by the Arbitration Act as *lex arbitri.*

b. *Serving of Notice*

Section 20 of the Arbitration Act also provides that notice has to be served during the course of arbitration can be served through the telefax, telegram, telex or similar address with telecommunication medium. Further such notice can also be served in address made available by parties to each other or to the arbitral tribunal. This provision of the Arbitration Act is helpful in serving of notices even in the context of COVID-19. In the case of *Nepal Air Service Corporation v. Appellate Court Patan,* the Supreme Court held that "If any party doesn't respond to arbitration and doesn't involve itself in the procedure even after being acknowledged of it, cannot apply to the Appellate Court against the award of the tribunal and such court should not entertain the application. Such application should only be entertained, if the other party hasn't informed about it." Therefore, serving the notice through electronic medium seems to be consistent with Supreme Court jurisprudence.

However, as per Electronic Transactions Act, 2063 (the, "**ETA**") the arbitral documents are not subject to formalities prescribed under it. There will be difficulty in authentication due to lack of authentication protocol for electronically executed arbitral documents like claims, counter-claims. Parties can address these through consensus or through amendment of procedural orders.

c. *Submission of Evidence*

As per Section 14 of the Arbitration Act, parties must furnish the claims and necessary evidences necessary to the claims. This language doesn't require physical submission of evidence. Therefore, parties may be able to submit the electronic documents to arbitral tribunals and other parties of the dispute. However, procedural order issued by arbitral tribunal may have requirement of physical submission of documents. Further as per explanation of section 35 of Evidence Act, 2031 (as amended on 2077/02/20) the records also has been defined to mean digital records stored in electromagnetic or optical medium. This amendment will assist in serving the evidence by parties to the arbitral tribunal in digital medium.

d. *Rendering Award*

Section 17 of the Arbitration Act provides that

arbitrator can determine the proceedings based on consent of parties. Further section 20 of the Act also provides options of sending notices to address shared between parties. These provision of Arbitration Act seems to suggest there is no restriction under the Act for rendering award through video conference after obtaining consent of parties and adoption of such process by the arbitrator. However, as per Sub-section (3) of section 26 of the Arbitration Act, arbitrators are required to provide signature on the award. Due to travel restrictions the signature copy signed by one arbitrator may not easily be circulated. This may invite option of singing such award electronically and circulate to the parties. However, due to lack of authentication protocol such digital signature remains yet to be wide in practice.

3. Recommendations and Conclusions

The Arbitration Act of Nepal, 2055 deemed to be suitable for conducting arbitral proceedings in pandemic context. Further recent amendment made in Evidence Act have also assisted in applying the Arbitration Act as *lex arbitri*. However, due to lack of clarity in provisions of the Arbitration Act and Evidence Act and due to ambiguity of SC Order there is still difficulties in resolving dispute during pandemic. Some provisions like (a) requirement of physical presence of witness (b) lack of clarity of SC order on multi-tier dispute resolution clauses (c) the authentication dilemma of digital signature of parties. Further there are also lack of proper security protocols and guidelines for conducting virtual arbitration under the Arbitration Act.

The lawmakers should streamline the provisions of the Arbitration Act and Evidence Act so that witness can be examined by arbitrators without physical presence of arbitrators. Further Government of Nepal should publish Gazette notification pursuant to Sub-section (2) of Section 72 of ETA. The notification should explore options of removing the lack of applicability of digital signature on arbitral documents in the light of escalating pandemic like COVID-19 cases which has hampered mobility of stakeholders. This will also ensure uniformity of regulating electronic signature in context of arbitration. Arbitral institutions and ad-hoc tribunal should also explore options of cyber and uniform online protocol of conducting arbitration and authenticating documents and notices.

Since the physical presence and mobility is likely to be affected in this new normal, stakeholders need to devise ways of expeditiously resolving the dispute.

References

1. Norton Rose Fulbright, *Institutional Responses to Arbitration, International arbitration Report*, Issue 14, 2020
2. ICC, *Guidance Note on Possible Measures Aimed at Mitigating the Effects of the COVID-19 Pandemic*, 9 April 2020
3. Kevin Kim et.al, *Seoul Protocol on Video Conferencing in International Arbitration*, 2018
4. *Guidelines for Court Functioning Through Video Conferencing During Covid-19 Pandemic*, SC India, writ petition (civil) no. 3/2020, 23 March, 2020
5. Turkey, Law on Amendment of Certain Laws, Numbered 7226, 25 March, 2020
6. *Eaton Partners LLC v. Azimuth Capital Mgmt. IV Ltd*., U.S.A, Oct. 18, 2019
7. *Nepal Air Service Corporation V. Appellate Court Patan* N.K.P 2067, Vol. 12, D.N. 8523
8. *Maheshwor Shrestha as Plaintiff and Supeme Court Writ Section as Respondent,* Writ of Mandamus Supreme Court of Nepal, 076-RE-0392, May 18, 2020 (2072/2/5)
9. Arbitration Act of Nepal, 2055
10. Evidence Act, 2031
11. Electronic Transaction Act, 2063

कोरोना भाईरस (कोभिड-१९) को संक्रमणको कारण लक डाउन जारी भएको अवधिमा करार संझौता, मध्यस्थता तथा कर कानूनमा असर

राजेश काफ्ले
अधिवक्ता

विश्वभर फैलिएको कोरोना भाइरसको महामारी नियन्त्रणका लागि संसारभरका सरकारहरू हाल प्रयासरत छन । नेपालमा पनि सरकार आफै कोरोना संकरमण नियन्त्रणका लागि जुटी रहेको छ । कोरोना भाइरस संक्रमण नफैलिन दिनको लागि विश्वभरका देशले जस्तै नेपाल सरकारले पनि मिति २०७६/१२/११ गतेवाट लकडाउन वन्दावन्दिलाई शुरुगरी मिति २०७७ जेष्ठ ३२ गते सम्म पुऱ्याएको छ ।

यसरी भएको वन्दावन्दिको कारण सर्म्पुण उद्योग, व्यापार, पेशा, व्यवसाय देखि सवै सामाजिक, आर्थिक, धार्मिक गतिविधि ठप्प प्रायः छन् । जस्ले गर्दा सवै नेपाली नागरिक अभावमा परेका छन । त्यति मात्र होइन, जीवन वाँच्नको लागि खानपानको व्यवस्था समेत नहुँदा धेरै मानिसहरूमा मानसिक समस्या समेत वढिरहेको छ भने सरकार आफैले नेपालराज्य भित्र कोभिड-१९ को भयावह अवस्थालाई मध्यनजर गरि स्वस्थ्य संकटकालको घोषण समेत गर्न गई रहेको अवस्था विद्यमान रहेको छ ।

सरकार भनेको नागरिकहरूको अभिभावक हो । नागरिकको जिवन रक्षा गर्नु सरकारको प्रथमः संवैधानिक, कानूनी र न्यायिक दायित्व हो । यस्तो दायित्वबाट सरकार कदापी पनि पन्छिन मिल्दैन । यस्तो वन्दा वन्दिको कारणले गर्दा मानिसहरूको कुनै आय आर्जनको काम हुन सकेको छैन । मानिसहरूले काम पाएका छैनन । जस्का कारण मानिस भोक भोकै मर्नु पर्ने अवस्था उत्पपन्न भएको छ ।

यस्तो विकराल एवं संकटपुर्ण अवस्थामा मानव जिवन रक्षा गर्न कठिन भएको कुरमा दुईमत छैन । नागरिकको जिवन रक्षाको लागी सरकार गम्भिर हुन पर्ने, नागरिकहरूलाई वांच्नको लागी औषधी र खानाका लागी राहात उपलव्ध गराउनु पर्ने अवस्था छ ।

यसरी सर्म्पुण देश नै लकडाउन/वन्दावन्दि/शुन्य र स्वस्थ्य संकटकाल लागु भएको अवस्थामा मानिसहरू एक ठाउँवाट अर्को ठाउमा जान सक्ने अवस्था नभएकोले करार संझौता अनुसार करारका पक्षहरूले गर्नु पर्ने कतिपय काम कारवाहीमा असर पुग्न जाने प्रष्ट देखिन्छ ।

तोकिएको समयमा करार संझौता बमोजिम काम गर्न नसक्दा संझौताको पक्षहरूलाई ठुलो आर्थिक हानी नोक्सानी पुग्न जाने अवस्था रहेको छ । कोरोना भाईरस (कोभिड-१९) को संक्रमणवाट उत्पन्न यो असहज परिस्थितिको कारण करार संझौताका पक्षहरूको विच गर्नु पर्ने कामका विषयमा विवादहरू उत्पन्न हुने अवस्था रहेको छ । कतिपय संझौतामा यस्तो महामारी रोगको विषयलाई करारका पक्षको काबूवाहिरको परिस्थिती मानी संझौता भएको वखत नै करारका

शर्तमा उल्लिखित भएको अवस्थामा सोही शर्त अनुसार व्याख्या र विवेचना हुन सक्ने अवस्था छ । अर्कोतर्फ यस महामारीको विषयमा संभौताको शर्तमा उल्लेख नभएको अवस्थामा करारका पक्षहरू आफुले कुनै गल्ती नै नगरी उत्पन्न असहज परिस्थितीका कारण काम गर्न असंभव भएको अवस्था हुंदा फ्रष्टेसन अफ कन्ट्रयाक्टको आधारमा कतिपय करार संभौता रद्ध हुने अवस्था रहेको छ ।

कोरोना भाईरस (कोभिड-१९) को संक्रमणवाट उत्पन्न यो असहज परिस्थितिको कारण करारका पक्षहरूका विचमा भएका विभिन्न विषयमा भएको करार संभैतामा यस्तो प्रकृतीको विवाद उत्पन्न हुने अवस्था छन । करार संभौताको कामको प्रकृती र विषय बस्तुलाई प्रचलित करार कानून तथा करार संभौताको शर्त अनुसार पक्षहरूको विचमा उत्पन्न हुने यस्तो विवादको न्यायपुर्ण र उचित तथा तर्कसंगत तवरबाट व्याख्या र विवेचना गरी विवादको समाधान गर्नु पर्ने अवस्था विवाद सामाधान गर्ने निकायको रूपमा कानून बमोजिम गठित मध्यस्थ ट्राईवुलन, अड्डा अदालतबाट गर्नु पर्ने देखिन्छ ।

अवदेखि पक्षहरूका विचमा नयां करार संभौता तयार गर्दा कोरोना भाईरस (कोभिड-१९) जस्ता रोग महामारीको विषयमा फौर्स मेजर शर्तमा नै यो विषयमा स्पष्ट उल्लेख गर्नु पर्ने अवस्था रहन्छ । भोलीका दिन यस्तो परिस्थिती उत्पन्न भएमा पक्षहरूले सोही शर्त अनुसार करार संभौताको व्याख्या विवेचना गरी आफ्नो करारीय दायित्व पुरा गर्नु पर्ने हो होईन स्पष्ट हुन सक्ने हुन्छ र सोही अनुसार कानून बमोजिम गठित मध्यस्थ ट्राईवुलन, अड्डा अदालतबाट व्याख्या गर्न पनि द्विविधा नरहने प्रष्ट देखिन्छ ।

करार संभौतामा उत्पन्न हुने कतिपय विवादहरू आपसी सहमतिमा गरिएकेमा वाहेक अन्य विवादको हकमा कानून बमोजिम गठित मध्यस्थ ट्राईवुलन, अड्डा अदालतबाटनै गर्नु पर्ने हुंदा करार बमोजिम विवादको निप्टारा गर्नको लागी मध्यस्थ नियुक्तिको विषय लगायत मुद्धा गर्नु पर्ने हद्म्यादको विषयमा पनि केही कानूनी अपठ्यारोहरू देखिन्छ ।

यस विषयमा हामी कानून व्यवसायी तथा अदालतका विचमा व्यापक छलफल भै यस्तो कानूनी अप्ठ्यारोहरूको निराकरण तत्काल गर्नु पर्ने महसुस गरी कोरोना भाईरस (कोभिड-१९) को संक्रमणवाट उत्पन्न यो असहज परिस्थितिको कारण अन्य सवै विषय लगायत यस्तै प्रकृतीका करारका पक्षहरूका विचमा भएका विभिन्न विषयको करार संभैतामा यस्तो प्रकृतीको विवाद उत्पन्न भै मुद्धा गर्नु पर्ने कारण परेमा हद्म्याद, म्याद तथा तारेख गुज्रेमा वन्दा वन्दी खुलेको मितिले बाटोको म्याद वाहेक ३० दिन भित्र त्यस्तो हद्म्याद, म्याद तथा तारेख थमाउन पाउने व्यवस्थाको सिद्धान्त प्रतिपादन एवं नजिर श्री सर्वोच्च अदालत, वृहत पुर्ण ईजलासबाट विगत एक महिना अघि कायम भएको छ (फैसला मिति २०७७।२।१५) ।

यसरी करार संभौतामा देखिएका धेरै कानूनी समस्याहरू केही हद सम्म समाधान भए पनि भोलीका दिनमा करारका पक्षहरू विच देखिने विवादहरू सोही अवस्थामा मुद्धा परेका वखत मध्यस्थता ट्राईवुलन तथा अड्डा अदालतबाट विवादको समाधान गर्नु पर्ने देखिन्छ ।

यसै गरी कर संवन्धि विषयमा पनि नेपाल सरकार, आन्तरिक राजस्व विभागले वन्दा वन्दिको म्याद २०७७ जेष्ठ ३२ गते सम्म कायम रहेको अवस्थामा समय शिमा तोकी उक्त मितिवाट जम्मा ७ तथा १५ दिनको समय अर्थात मिति २०७७ असार ७ र १५ गते भित्रे कर वुझउन आउनु भनी जारी गरेको सुचना कुनै पनि दृष्टिकोणवाट कानुन तथा न्याय संगत छैन । यस

कोरोना महामारीको वेला नेपाली जनताको वाँच्न पाउने मौलिक तथा संवैधानिक, कानुनी हक अधिकारहरूको हनन भएको छ ।

कर भनेको राज्यको आयको प्रमुख श्रोत हो । कर भनेको निर्वाध रूपमा देशमा प्रचलित कर कानून बमोजिम आफुले गरि आएको उद्योग, व्यापार, पेशा, व्यवसाय गरी आय आर्जन गरेको अवस्थामा प्रचलित कर कानुन वमोजिम कर तिर्ने वुझाउने सवै नागकिरको कानूनी र नैतिक दुवै कर्तव्य एवं दायित्व हो । हाल विश्वव्यापी रूपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९) को संक्रमणवाट उत्पन्न असहज परिस्थितिको कारण नेपाल सरकारले लकडाउन मिति २०७७ जेष्ठ ३२ गते सम्म कायम राखेको कारण सर्म्पुण देश नै लकडाउन/वन्दावन्दि/शुन्य र स्वस्थ्य संकटकाल लागु भएको अवस्थामा मानिसहरू एक ठाउँवाट अर्को ठाउमा जान सक्ने अवस्था नभएकोले राजश्व कर वुझाउनको लागि करदाताको प्राय सवै कार्यालयहरू वन्द अवस्थामा रहेको, कर्मचारीहरू समेत काममा नगएकोले गर्दा मिति २०७७ असार ७ तथा १५ गते भित्र कर वुझाउने कार्य असंभव भएको स्पष्ट हुदाँ हुदै विपक्षी विभागले सो तथ्यगत कुराको नजर अन्दाज गरी कर वुझउनको लागि म्याद तोकि सुचना जारी गर्नु, नवुझाए जरिवाना, शुल्क, व्याज र थप दस्तुर समेत लगाउने भन्ने कार्य गलत छन ।

आन्तरिक राजश्व विभागको मूल्य अभिवृद्धि कर, आयकर, अन्तः शुल्क, शिक्षा सेवा शुल्क, टेलिफोन स्वामित्व शुल्क र दुर संचार सेवा दस्तुर लगायतका विवरण र करहरू वुझाउन मिति २०७७ जेष्ठ २५ र जेष्ठ मसान्त सम्म समय थप गरिएकोमा उक्त अवधि पुनः मिति २०७७ असार ७ र १५ गते सम्म थप गरी उक्त मिति भित्र कर विवरण र कर वुझाउने वेबसाईट www.ird.gov.np मा प्रकासित सुचना र सोसंग सम्वन्धित भए गरेका सम्पुर्ण निर्णयहरू तथा पत्रपत्रिका प्रकासित सूचना कार्यन्वयन नगरी नेपाल सरकारद्धारा लकडाउन/वन्दावन्दि र स्वस्थ्य संकटकाल पुर्णरूपमा खुल्ला/समाप्त भई व्यापार व्यवसाय निर्वाध रूपमा गर्न पाउने अवस्था सृजना भई सो भएको उक्त मितिले बाटोको म्याद वाहेक १ महिना भित्र प्रचलित कर कानुन वमोजिम कर असुलउपर गर्ने लगायतका कानुनी प्रकृयाहरू अगाडी वढाउन व्यवस्था नेपाल सरकारले मिलाउनु पर्ने उचित हुने देखिन्छ भनी श्री सर्वोच्च अदालतबाट नेपाल सरकार, आन्तरिक राजस्व विभागको नाममा आदेश भएको छ (आदेश मिति २०७७।२।२८ र मिति २०७७।३।१) ।

COVID-19: Challenges and Opportunities for Small and Medium Enterprises (SMEs) of Nepal

Ananda Ranabhat
Engineer

The COVID-19 is a global pandemic infecting millions of people around the world and bringing world economic activities almost stagnant. Nepal is no exception to this pandemic, currently struggling hard with limited health facilities and resources. Falling under the list of the least developed country, Nepal is having a hard time coping with widespread fear and possible outbreak. Impact of COVID-19 will cause serious devastation in the Nepalese economy which seemed to be on the bright side of its revival after the 2015 Earthquake followed by Indian blockade. As the crisis is ramping up in the nation, the already vulnerable economy is facing serious challenges along with the small and medium scale enterprises (SMEs).

Small and Medium Enterprises (SMEs) are one of the important tiers of the national economy with significant contribution as well as in job creation. According to the Industrial Enterprise Act 2016, the business other than the micro and cottage industry with maximum fixed assets up to NRs 100 million are described as small while those with fixed assets between NRs 100 million and NRs 250 million are described as medium enterprises.

Small and Medium Enterprises (SMEs), being a major player in most economies, particularly play a significant role in developing countries. They account for the majority of businesses worldwide and are an important contributor to create jobs and global economic development. They represent about 90% of businesses and more than 50% of employment worldwide whereas, formal SMEs contribute up to 40% of national income (GDP) in emerging economies (World Bank, 2019). In the context of Nepal, SMEs have contributed 22 percent to the country's gross domestic product (GDP) and have created 1.7 million jobs (Nepal Rastra Bank, 2076). NRB report also mentions that till the end of fiscal year 2074/75, there are a total of 275,433 registered SMEs. These enterprises are extensively working on different sectors such as agriculture, poultry, travel, hotel and hospitality, handicrafts, and goods and services, etc

Challenges for SMEs

As it is way too early to predict how deeply the COVID-19 pandemic will impact our economy but with no doubt, SMEs will face a range of challenges that will depend on how our policymakers react to the crisis today.

1. Lack of Working Capital/Liquidity Crisis: SMEs generally have small cash reserves in comparison to the big business houses. The initial capital of most of the SMEs in Nepal are from ancestral property- 33%, own savings- 26%, from the bank and several financial institutions- 22% and rest from other sources (Nepal Rastra Bank, 2076). The immediate operation would

depend upon its financial position and balance sheet. In addition to the lower demand and higher costs due to safety measures, SMEs will face challenges responding to production with credit and liquidity constraints. A fresh fund as a working capital should be injected to almost all the SMEs, which will work as a jumpstart to their operations.

